# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

औपचारिक रूपबाट सुरु भएको शिक्षा वर्तमान समयमा औपचारिक रूपमा विकास भई मानिसको वृद्धि र विकास सँगसँगै शैक्षिक प्रणालीमा आवश्यक सुधार गरी तहगत संरचना निर्धारणको आधारमा शैक्षिक विकासको कार्य अगाडि बढेको छ। वर्तमान समयमा शिक्षाको तीव्र विकास तथा प्रतिष्पर्धाको साथै यस धर्तीमा जन्मेको एउटै सिक्काको दुई पाटा महिला र पुरुषबीचको शैक्षिक अवस्थाको खाडल भने विकसित तथा विशेष गरी विकासोन्मुख देशहरूमा झन गहिरो र फराकिलो बन्दै गइरहेको छ।

बौद्धिक शिक्षाबाट अग्रणी रूपमा रहँदै आएको शिक्षामा महिलाको सहभागिता मध्यकालीन समय बखतदेखि नै पुरुषभन्दा कम देखिन गएको छ। यद्यपि आधाभन्दा बढी जनसङ्ख्या महिलाले ओगटेको यथार्थ जग जाहेर छ। पुरुषको तुलनामा निकै पछि र ओझेल परेका छन्। विद्यालयका विभिन्न तहमा समेत विद्यालय जाने उमेरका समूहमा पनि केटाहरूभन्दा केटीहरू नै विद्यालय शिक्षाबाट अलग्गिएका देखिन्छन्। उच्च तहसम्म पुगिसक्दा त केटीहरूले पढ्न नै छोडिसकेका हुन्छन्। विश्व विद्यालय तहसम्म त शिक्षा पाउने महिलाहरूको सङ्ख्या नगन्य नै छ। शिक्षाको राष्ट्रिय नीति तथा शिक्षा ऐन नियमावलीमा व्यवस्था गरिए पनि हालसम्म सबै विद्यालयमा महिला शिक्षक व्यवस्था हुन सकेको छैन। अझ दुर्गम तथा पिछडिएका क्षेत्रमा महिला शिक्षकको व्यवस्था हुन विभिन्न बाधा व्यवधानहरू सिर्जना हुने गरेको विभिन्न अध्ययनले औंल्याएका छन्। ग्रामीण क्षेत्रमा भन्दा शहरी केद्रित क्षेत्रमा महिला शिक्षक बढी हुनुका पछाडि घरपायक सरुवा तथा नियुक्तिमा ऐन नियमावलीमा भएको विशेष व्यवस्थाले गर्दा हो।

परिवार र समाजको दृष्टिकोण पितृसत्तात्मक संरचनाबाट निर्देशित भएकाले छोरीलाई “अरुको नासो” भनेर बेवास्ता गर्ने, उपयुक्त उमेरभन्दा अघि नै विवाह गरिदिने र विद्यालय पढाइ हाले पनि त्यहाँ हुने असमान व्यवहार, संकुचित मनोभावना एवम् विकृत संस्कारका कारणले गर्दा पूर्ण सहभागिता र सम्मानजनक रूपमा पढ्ने अवसर नदिने अवस्था बनेको देखिन्छ। तसर्थ महिलाहरूको शिक्षामा पहुँच र अवसर भने चिन्ताजनक नै रहेको छ। शिक्षा क्षेत्रमा आएका नविनतम विचार, विधि, प्रविधि तथा राज्यका नीति,

कार्यक्रमहरूले महिलाको पहुँच अभिवृद्धि गर्दै समता र समानता कायम गर्ने कार्यान्वयन पक्षलाई अझ सशक्त तथा सुदृढ गर्न ठोस रूपमा अघि बढ्नुपर्ने देखिन्छ ।

शिक्षाको विकासक्रमको इतिहासलाई हेर्दा राणाकालीन समयमा वीर शमशेरको पालामा भारतीय महिला गंगावाइको प्रेरणाबाट सुरुवात गरिएको शिक्षा नै वास्तवमा औपचारिक रूपमा महिला शिक्षाको सुरुवात हो (बस्नेत, २०६२) । राणाकालीन समयबाट औपचारिक थालनी गरिएको शिक्षामा महिला सहभागिताको जोडका लागि वि.सं. १९७५ मा खोलिएको त्रिचन्द्र कलेज, वि.सं. १९८० मा स्थापित कन्या पाठशाला नमुना नै सावित भएका छन् । महिला शिक्षालाई निरन्तरता दिन वि.सं. २००४ सालमा पद्म शमशेरबाट स्थापित पद्मकन्या विद्याश्रमले विशेष योगदान पुऱ्याए पनि अपेक्षाकृत रूपमा विकासले गति लिन सकेन (बस्नेत, २०६२) ।

शिक्षाको विकासक्रम समय सापेक्ष हुने सिलसिलामा वि.सं. १९१० मा दरबार हाइस्कुलको माध्यमबाट शिक्षाको इस्तिहारबाट कानुनी आधार तय भई अघि बढ्यो । यसका अलावा शिक्षाको गुणस्तर बढाउन प्राथमिक शिक्षा देशव्यापी, सर्वसुलभ र निःशुल्क बनाई सबैको न्युनतम पहुँच वृद्धि गर्न रा.शि.यो.यो २०११ ले उल्लेख्य भूमिका खेल्यो भने शिक्षाको व्यवस्थापन गर्न महिलासहित हजारौं शिक्षकको शिक्षण पेशाको विकासद्वारा अभावलाई पूर्ति गर्ने कुरामा जोड दिइयो (काफ्ले, २०६१) ।

शिक्षा परियोजनाको रूपमा नेपालमा सर्वप्रथम वि.सं. २०२७ सालमा UNICEF को आर्थिक सहयोगमा शिक्षा मन्त्रालयले “महिलाको निम्ति शिक्षामा समान अवसर” कार्यक्रम शिक्षा प्रदान गरेको पाइन्छ । यसको मुख्य उद्देश्य महिलालाई शिक्षण पेशामा उत्सुकताका साथ प्रवेश गराउनु, घर पायक शिक्षण गराउने, समाज परिवर्तनको संवाहकको रूपमा सक्षम बनाउने र महिला शिक्षाप्रति सकारात्मक भावनाको विकास गराउनु रहेको पाइन्छ । उद्देश्य प्राप्तिका लागि परियोजनाले शिक्षक प्रशिक्षण, शैक्षिक सारवृद्धि, छात्रवृत्ति, विद्यालय जान असमर्थ छात्रालाई आर्थिक सहुलियतसहित आंशिक प्राथमिक शिक्षा प्रदान गर्न कार्यक्रम सञ्चालन गरेको पाइन्छ (पौडेल, २०५९) ।

महिला विकास तथा शिक्षाका लागि नेपालका UNICEF ले परियोजना स्वरूप ल्याएको “शैक्षिक सार वृद्धि कार्यक्रम”ले महिलाको निम्ति शिक्षामा समान अवसर प्रदान गर्ने प्रयास गऱ्यो । महिला शिक्षकलाई प्राथमिक शिक्षक बनाउने गरी विभिन्न जिल्लाहरूमा परियोजना सञ्चालन गरियो । एस.एल.सी. पास र फेल भएकालाई क्रमशः A Level / B

level Training उपलब्धि समेत गराइयो । यस्तो महिला शिक्षा परियोजनालाई वि.सं. २०३७ सालमा परिवर्तन गरी 'Education of girl & women in Nepal' बनाइ UNICEF र नेपाल सरकारको संयुक्त प्रयासबाट पिछडिएका महिला चेलीबेटी शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइन्छ । यद्यपि यस परियोजनाबाट महिला शिक्षा सहभागिता तथा छात्रा भर्ना प्रतिशत भने त्यति प्रभावकारी हुन सकेको पाइँदैन (बस्नेत, २०६२) ।

समय सापेक्ष महिलालाई पुरुषको सहयोगीको रूपमा लिँदै सामाीजक व्यवस्थामा एउटै रथका दुई पाङ्ग्राको रूपमा परिभाषित गरिए पनि महिलाको हैसियतलाई निकै कम महत्व दिने परिपाटी बनेको छ। महिलाको अवस्था तुलनात्मक रूपमा परम्परागत भूमिकाबाट परिवर्तन हुँदै आएको भए पनि सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक तथा राजनैतिक क्षेत्रबाट भूमिकाको अवसरबाट भने पुरुषभन्दा तुलनात्मक रूपमा पछाडि नै परेको अवस्था छ । महिलाको सर्वाङ्गिण स्थितिमा सुधार गर्ने सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासका फलस्वरूप समग्र क्षेत्रमा महिला सहभागिता बढेको देखिए पनि लैङ्गिक असमानताको स्थिति भने दक्षिण एशियामा सबैभन्दा बढी नेपालमै रहेको पाइन्छ । यसैको प्रभावले शैक्षिक क्षेत्रमा आशातित मात्रामा उपलब्धि हुन नसकिरहेको अवस्था पाइन्छ (लैगिङ्क समविकास योजना, २०६३) ।

विगतदेखि नै महिलाहरू घरभित्र नै जकडिएको तथ्यलाई हृदयङ्गम गरी लैङ्गिक विभेदलाई अन्त्य गर्ने प्रयास भएको पाइन्छ । यसै सिलसिलामा सन् १९१० को दशकमा ‘अन्तर्राष्ट्रिय नारी दिवस’को प्रावधानको सुरुवात, सन् १९४५ मा नारी हकहितको समानता बारे संयुक्त राष्ट्रय संघीय वडापत्र पारित, सन् १९४६ को ‘महिला स्थितिसम्बन्धी आयोग’ तय, सन् १९६० मा महिला पुरुषबारे बराबरी ज्याला महासन्धि पारित गर्दै नयाँ समाजको सृजना र लैङ्गिक सशक्तिकरणमा पहल कदमी गरेको पाइन्छ। यसैगरी सन् २००० मा न्यूयोर्कमा महिलासम्बन्धी विशेष महासभा आयोजना हुनुले अन्तर्राष्ट्रिय स्तरमा महिलाको स्तर उकास्ने, सशक्तिकरण र लैङ्गिक समानताको अभियानमा एउटै विश्वकै महत्वपूर्ण आवाजको रूपमा लिइन्छ (रेग्मी, २०६१) ।

अन्तर्राष्ट्रिय तवरले पनि महिलाहरूको पहुँच अभिवृद्धि र नियुक्ति प्रक्रियामा महिलाको संलग्नता अनिवार्य हुनुपर्ने भन्ने सैद्धान्तिक दृष्टिकोणको विकास भएको पाइन्छ । जसका लागि सन् १९६० को दशकमा महिला तथा पुरुषको आधारभूत आवश्यकता परिपूीर्त तथा गरिबी निवारणको सैद्धान्तिक अवधारणा नै सहायक सिद्ध भएको पाइन्छ । तसर्थ महिला

मुद्दाको विश्लेषण गर्ने गरी सन् १९७५ लाई 'Women Year' को रूपमा घोषणा गरेको पाइन्छ। यसका अलावा संयुक्त राष्ट्र संघले सन् १९७५-१९८५ लाई 'Women Decade Year' को रूपमा घोषणा गरी महिलाको विषयलाई विशेष महत्त्वका साथ जोड दिएको छ। यसैगरी विकासमा महिला (WID) धारणाले महिला वर्गलाई छुट्टै रूपमा व्यवहार गरेको (Women and Development) धारणाले महिलालाई पनि विकासमा सहभागी बनाई न्यायोचित उन्नतिमा जोड दिएको तथा सन् १९८० को दशकबाट सुरु भएको (Gender and Development) ले लैङ्गिक समानता निर्माण गर्न जातीय, वर्गीय असमानता र साम्प्रदायिक असमानतालाई निर्मूल पार्न खोजेको पाइन्छ।

अन्तर्राष्ट्रिय सम्मेलन सन् १९७५ को मेक्सिको, सन् १९८० को कोपेन हेगन, सन् १९८५ को केन्या र सन् १९५५ को चीनको बेइजिङ्गको घोषणा र पारित प्रतिवेदनले पुरुष तथा महिलाबीचको विद्यमान आर्थिक, सामाजिक, शैक्षिक तथा राजनैतिक रूपमा देखिएको असमान सहभागितालाई न्यूनीकरण गर्दै समान सहभागिताका लागि प्रोत्साहन गरेको देखियो (शर्मा र शर्मा २०६१)।

आठौं पञ्चवर्षीय योजना (२०४९-२०५४) ले शिक्षामा महिला सहभागितालाई बढाउन प्राथमिक विद्यालयमा महिला शिक्षकलाई नियुक्ति गर्नुपर्ने नीति अनुरूप प्राथमिक विद्यालयमा कम्तीमा एकजना महिला शिक्षक अनिवार्य नियुक्ति गर्न थालियो। सोही अनुरूप प्राथमिक शिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालनमा रहेको पाइन्छ। यसको उद्देशय तालिम प्राप्त शिक्षकको उत्पादन गरी प्राथमिक शिक्षाको गुणस्तर कायम गर्नु रहेको छ।

नवौं पञ्चवर्षीय योजना (२०५४-२०५९) अनुरूप लैङ्गिक समानता कायम गर्न छात्रालाई प्राथमिक तहमा छात्रवृत्ति प्रदान गर्ने र ५०% महिला शिक्षकको सहभागिता गराउने लक्ष्यतर्फ भने २६% मात्र पुग्न सफल भएको छ।

दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) अन्तर्गत दिगो आर्थिक वृद्धि र गरिबी निवारणको लक्ष्यहरू हासिल गर्ने महिलाविरुद्धको भेदभाव उन्मूलन गर्दै महिला विकास परिसूचक अभिवृद्धि गरी समतामूलक समाज निर्माण गर्ने उद्देश्य रहेको छ।

सहस्राब्दी विकास लक्ष्य (१९९०-२०१५) कार्यक्रमले नेपालका लागि प्राथमिक शिक्षामा विद्यालयको पूर्ण शिक्षा हासिल गर्न सुनिश्चित गर्ने र सन् २०१५ सालमा शिक्षाको सबै तहमा लैङ्गिक विभेदलाई अन्त्य गर्ने नीति लिएको पाइन्छ (काफ्ले, २०६१)।

विश्व शिक्षा मञ्च (WEF) ले सन् १९९० मा थाइलेण्डको जोम्टिनमा सम्पन्न गरेको 'सबैका लागि शिक्षा' (EFA) घोषणा र सेनेगलको डकारमा सम्पन्न दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनबाट मानव अधिकार र बालअधिकारलाई स्थापित गर्ने प्रयास भएको पाइन्छ, जसबाट आधारभूत शिक्षाको रूपमा प्राथमिक शिक्षामा जोड दिएको पाइन्छ । नेपालमा रहेको न्यून साक्षरता तथा न्यून महिला सहभागिताको कारण शिक्षाको जगको रूपमा प्राथमिक शिक्षाले बालबालिकाको उज्जवल भविष्यका लागि सबैभन्दा महत्वपूर्ण जिम्मेवारी पाएको छ । सबैका लागि शिक्षाका १६ वटा रणनीतिहरूमध्ये २ नम्बरमा शिक्षामा बालिकाको पहुँच सुनिश्चितता, छात्रा भर्ना वृद्धि तथा महिला सहभागिता बढाइ शैक्षिक गुणस्तर कायम गर्न स्थानीय तहसम्म प्रभावकारी रूपमा सञ्चालन गर्ने नीति लिएको छ । कार्यनीति १० मा भने महिला शिक्षकको सहभागिता वृद्धि गर्ने कार्यक्रम तय गरेको छ । ती कार्यक्रमहरूमा महिला शिक्षक भए नभएको विद्यालयको अभिलेख राख्ने महिला कोटामा महिला मात्रलाई प्रतियोगिता गराउने, खाली स्थानमा महिला शिक्षकको व्यवस्था गर्ने, आधारभूत र मा.वि. तहमा विषय शिक्षक व्यवस्था गर्न महिला स्वयंसेवक परिचालन संस्थासँग समन्वय गरी योग्य स्थानीय महिलाको तथ्याङ्क अद्यावधिक गरी छलफल तथा अन्तरक्रियाको माध्यमबाट उनीहरूलाई शिक्षण पेशामा अभिप्रेरित गरिने छ । घर अपायक नियुक्ति महिला शिक्षकका लागि आवास, तयारी कक्षा व्यवस्था, बाल विकास तथा अनौपचारिक कक्षामा महिला सहजकर्ता व्यवस्था गरी भविष्यमा वृद्धि विकास कार्यक्रमहरू सञ्चालन गरिने रहेको छ (लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति र कार्यान्वयन योजना, २०६३) ।

विद्यालयमा छात्रा सहभागिता वृद्धि गर्न र तिनको तत्कालीन समस्यालाई निराकरण गर्न महिला शिक्षकहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने हुनाले छात्रा तथा अभिभावक दुवैले महिला शिक्षकको उपस्थिति सुरक्षित र आरामदायी महसुस गरेका हुन्छन् । शिक्षामा लैङ्गिक मुद्दासम्बन्धी दस्तावेजहरूले महिला शिक्षकको उपस्थिति भन्नु नै धेरै छात्रा निम्त्याउनु हो भने देखाउँदछ । महिला शिक्षकबाट बालबालिकाले घरको भन्दा राम्रो वातावरण पाइँदैन । सिकाइ प्राप्त गर्न सक्छन् । शिक्षकले बालबालिकालाई आफ्नै बच्चा सरह माया दिने, स्याहार सुसार गर्ने, नयाँनयाँ क्रियाकलाप गराउने र विद्यालयमा मायालु वातावरणको सृजना गर्दछन् (विष्ट, सन् २००६) ।

अशिक्षाले गर्दा महिलाहरू आफ्नो स्वतन्त्र अधिकार र अस्तित्वबाट विमुख हुनुपरेको छ । छोरा र छोरीबीचमा शिक्षा स्वास्थ्यमा विभेद अझै विद्यमान छ । हिंसाको उत्पत्ति

घरबाट भएको छ। यस्तो प्रवृत्तिको न्युनीकरण महिला पुरुष मिलेर घर दैलाबाट नै गर्नुपर्दछ। महिलामाथि हेराइमा, बोलीमा र व्यवहारमा हिंसा हुने गरेको छ। महिलाहरू विद्यालय, कार्यालय र घरमा पनि लैङ्गिक हिंसाबाट पीडित छन् (NDHS 2011) का अनुसार २२ प्रतिशत महिला लैङ्गिक हिंसाबाट पीडित छन्। आर्थिक वर्ष २०७२।०७३ मा झापामा ४९४ जना महिला हिंसाका सिकार भएका छन्। महिला हिंसा शहरका तुलनामा गाउँमा बढी छ ६२ प्रतिशत श्रीमानबाट लैङ्गिक आधारमा, पेशागत आधारमा विभिन्न उमेर समुहका महिलाहरू हिंसाको चपेटामा परेका छन्। हजारौं वर्ष सामन्ती विचार र संस्कृतिले लादेको पितृसत्तात्मक सोचको दिमागमा परिवर्तन गराउन महिलाहरू पनि शिक्षित हुन जरुरी छ। नेपालको संविधान २०७२ को मौलिक हकअन्तर्गत धारा ३८ ले कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन। त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने भनी सम्बोधन गरेको छ (नेपालको संविधान २०७२)।

अज्ञानता, अशिक्षा, लाज, संकोच, डर, त्रास आदिका कारण महिलाहरू हिंसाका सिकार बनेपछि पनि सम्बन्धित निकायमा उजुरी गर्नुपर्ने कुरामा अनविज्ञ छन्। थाहा भए पनि आर्थिक अभावले पीडा खपेर बस्न बाध्य छन्। यसलाई न्यूनीकरण गर्न महिला शिक्षित र आर्थिक रूपमा सबल, समृद्ध हुन अति आवश्यक छ। यसका लागि शैक्षिक अवस्था उकासी सशक्त बनाउनुपर्दछ। सशक्तिकरणले आर्थिक सक्षमता प्रदान गर्दै समाजको प्रत्येक क्षेत्रमा महिलाहरू पनि अगुवा भई कार्य गर्न सक्छन्।

नेपालमा नारी शिक्षाको शंखनाद गर्नका लागि कन्या पाठशालाको रूपमा श्री चन्द्रकान्त मल्लको साहसी कार्यले वि.सं. २००७ सालमा ०.७% महिला सक्षमता रहेको पाइन्छ (शर्मा, २०६०)। यो प्रतिशत वि.सं. २०२८ सालमा ३.९% रहन गयो। वि.सं. २०५८ सालमा महिला साक्षरता ४२% र २०६८ मा आइपुग्दा नेपालको साक्षरता ६५.९% हुँदा महिलाको भने ५७.४% मात्र रहन पुगेको छ। साक्षर आमा तथा शिक्षित महिला वृद्धिको साथै विद्यालय शिक्षाको प्राथमिक तथा माध्यमिक तहमा छात्राहरूको सङ्ख्या पनि क्रमिक रूपमा वृद्धि हुँदै गएको पाइन्छ। यसलाई अझ प्रभावकारी बनाउन प्राथमिक तथा माध्यमिक शिक्षाको गुणस्तर बृद्धि गर्न सरकारले शिक्षा बजेटको करिब ६०% हाराहारीमा लगानी गरेको छ।

निःशुल्क, अनिवार्य, सर्वसुलभ, अधिकारमा आधारित, समाहित, समावेशी शिक्षाका लागि तालिम, छात्रवृत्ति, विद्यालय व्यवस्थापन तथा गुणस्तर वृद्धि गर्ने कार्यक्रमहरू सरकारले जिम्मा लिई सञ्चालन गरेको छ तर पनि शिक्षाप्रतिको झुकाव, शैक्षिक उपलब्धिमा खासै सकारात्मक परिवर्तन आउन नसकेकाले विकल्पको रूपमा प्रभावकारी बनाउनका लागि विद्यालयमा महिला शिक्षक बढाउने योजना ल्याएको पाइन्छ। शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ को तेस्रो संशोधनको नियम -९१ को अनुसार प्राथमिक तहमा तीन शिक्षक भएमा एक महिला र पाँच शिक्षक भएमा २ महिला शिक्षक अनिवार्य हुनुपर्ने व्यवस्था शिक्षा नियमावलीमा छ।

नेपालमा २०६८ सालको जनगणनाबाट प्राप्त तथ्याङ्कलाई अध्ययन गर्दा कुल जनसङ्ख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ मध्ये महिलाको सङ्ख्या १ करोड ३६ लाख ४५ हजार ४ सय ६३ रहेको छ भने पुरुषको सङ्ख्या १ करोड २८ लाख ४९ हजार ४१ रहेको छ। यसरी हेर्दा महिलाको सङ्ख्या ५१.५०% पुरुषभन्दा बढी देखिए तापनि राज्यका मुख्य अङ्गहरू र विकासका गतिविधिहरूमा हरेक क्षेत्रमा उपस्थिति न्यून रहेको छ। सामाजिक कुरीति, कानुनी भेदभाव र चेतना अभावले गर्दा महिलाले समाजमा उचित स्थान र आदर प्राप्त गर्न सकेका छैनन्। यसरी महिलाहरूले धेरै घण्टा काम गर्दछन्। थोरै कमाउँछन् र घरभित्रको चुल्हो चौकोदेखि बाहिरको समेत कामधन्दा भ्याउनु पर्ने हुँदा जिम्मेवारी वहन गर्दछन्। प्रसुती व्यथा सहनुदेखि छोराछोरीको लालनपालन, वृद्धवृद्धाको हेरचाह, विरामीको स्याहार सुसार, घरको सरसफाइ, खाना बनाउने, लुगा धुने, भाँडा माझ्ने, घरमा आउने पाहुना समेतलाई सत्कार गर्न पुग्नुपर्ने आदि जस्ता पारिवारिक जिम्मेवारी पनि उनीहरूले नै सम्हाल्नु परेको छ।

यसरी शहरी क्षेत्रको तुलनामा ग्रामीण क्षेत्रमा महिला साक्षरता कम हुनु, २०६८ सालको जनगणना अनुसार ५७.४% मात्र साक्षरता पुरुषभन्दा कम हुनु अहिले वास्तवमा शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सुरक्षा आदिमा न्यायोचित वितरण र न्याय प्रणालीमा कमी नै देखिन गएको छ।

यो अध्ययन पूर्णतः सामुदायिक विद्यालयमा अध्यापनरत महिला शिक्षकहरूको व्यवस्थापन र तिनको सहभागिताले शिक्षण पेशामा पारेको प्रभावसँग सम्बन्धित छ। महिला शिक्षकलाई शिक्षण पेशामा सहभागिता गराउन भएको नीतिगत व्यवस्था र सहभागिताले बालबालिकाहरूको विद्यालय भर्ना, टिकाउको स्थिति र सिकाइको अवस्थाबारे

अनुसन्धानात्मक कार्य भएको छ। महिलाले शिक्षण पेशा अपनाउँदा आइपर्ने शारीरिक, सामाजिक एवम् लैङ्गिक चुनौतीहरू र विद्यालय सङ्गठनका विविध पक्षहरू प्र.अ., वि.व्य.स., शि.अ.संघ, पदाधिकारीको धारणा तथा शिक्षा सरोकारवालाहरूको उनीहरूप्रतिको दृष्टिकोण आदि पक्षले पार्ने प्रभावबारे सूक्ष्म अध्ययन गर्ने प्रयास गरिएको छ भने शिक्षण पेशाका अतिरिक्त सिकाइ व्यवस्थापनमा पारेको सकारात्मक अवस्था तथा सुधारात्मक पक्षका साथै उनीहरूलाई शिक्षणको सन्दर्भमा आइपरेका समस्या समाधानका उपायहरू सुझाव दिने उद्देश्यका साथ यो अनुसन्धानात्मक कार्य गरिएको छ ।

नेपाल सरकारले सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्य कार्ययोजनाअन्तर्गत लक्ष्य ३ मा लैङ्गिक समानता प्रवर्द्धन तथा महिला सशक्तिकरणका लागि लक्ष्य लिएको साथै इन्चोन घोषणा समेतले समता, समाहितता, लैङ्गिक समानता र गुणस्तरीय सिकाइमा जोड दिएको तथ्यबाट आधारभूत र मा.वि. छात्राहरूको विद्यालयमा प्रवेश र टिकाउका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको पाइन्छ। महिला शिक्षकको सहभागितालाई सुनिश्चित गर्दै शिक्षामा थप गुणात्मकता थप्ने प्रयास गरेको छ। सबैका लागि शिक्षा कार्यक्रमले वास्तविकतालाई शिक्षा प्रदान गर्ने लक्ष्य राखेको साथै लैङ्गिक विभेद अन्त्य गर्नु रहेको छ। लैङ्गिक र सांस्कृतिक रूपमा पछि परेको वर्गलाई मूल प्रवाहमा ल्याउने किटानीसहित सुधारका लागि शिक्षण पेशामा महिला सहभागिताको सशक्तिकरण र प्रवाहीकरणले सहयोग गर्ने भएकाले विद्यालयमा महिला शिक्षकको व्यवस्था गरेको पाइन्छ। महिला शिक्षकको व्यवस्थापन र सिकाइ उपलब्धि बीचमा सम्बन्ध रहेको छ। उनीहरूबाट समुदायमा सचेतनाका संवाहक, सरसफाइमा जोड, बालिका भर्ना, बालिकाहरूको विद्यालय नियमितता साथै गुणस्तर वृद्धि गर्ने अपेक्षा राखेको पाइन्छ। तसर्थ शिक्षक सेवा आयोग नियमावली, २०६७ ले महिलाका लागि ३३% आरक्षण छुट्याएको छ। यद्यपि सबै भूमिकाबाट महिला शिक्षकबाट सोचेअनुरूप कार्य भइरहेको छैन ।

शिक्षण पेशा सम्मानित पेशा हो, जिम्मेवार पेशा हो, महत्वपूर्ण पेशा हो। यसले मानव संशाधन विकासमा मुख्य भूमिका खेल्दछ, शिक्षक व्यक्तिगत, सामाजिक एवं शैक्षिक गुणले युक्त हुन आवश्यक छ। पुरुषको तुलनामा महिलामा यो पक्ष बढी छ। तर पनि महिला शिक्षकले त्यो पेशा अपनाउँदा उनीहरूलाई समाजले हेर्ने दृष्टिकोण, स्वयंमा आइपर्ने विविध समस्या, सामाजिक एवम् लैङ्गिक चुनौतीहरूले गर्दा अझै पनि यस पेशामा पूर्ण रूपमा समर्पित हुन नसकिरहेको विद्यमान अवस्था छ ।

शिक्षण पेसामा महिला शिक्षकमा हुने संवेदनशीलता बालबालिकालाई छोराछोरी सरह गर्ने माया स्नेह, बालमैत्री वतावरणको सृजना र रमाइलो वातावरणमा शिक्षणले गर्दा बालबालिकाहरू विद्यालय आउने कुरामा आकर्षित हुने गर्दछन् । सिकाइका लागि प्रयासरत हुन्छन् तर पनि आधारभूतभन्दा माध्यमिक तहमा पुग्दा महिला शिक्षकको व्यवस्थापनमा जुन अपेक्षा गरिएको थियो सो हुन सकिरहेको छैन । अधिकारमा आधारित शिक्षा, समाहित शिक्षा, गुणस्तरीय शिक्षा, जीवनोपयोगी र जीवनपर्यन्त शिक्षा जस्ता नविनतम् दृष्टिकोणलाई व्यवहारमा कार्यान्वयन गर्न महिला शिक्षकको सहभागितामा उल्लेख्य वृद्धि गर्नु अपरिहार्य छ । गुणस्तरीय शिक्षाको सुनिश्चिताका लागि महिला शिक्षकको भूमिका महत्वपूर्ण मानिएकाले यस अवस्थामा यिनै पक्षलाई लक्षित गरेर यो अनुसन्धान अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

हालको परिप्रेक्ष्यमा महिला शिक्षा र शिक्षण पेसामा महिला शिक्षकको उपस्थिति ज्वलन्त मुद्दा बनेका छन् । राज्यको शैक्षिक नीति, कार्यान्वयन र नविनतम शिक्षण सिकाइका दृष्टिकोणहरूको प्रभावकारितामा आएको कमीले बालबालिकाहरूको न्यून भर्नादर, नियमितताको कमी, पढाइमा बेवास्ता, न्यून सिकाइ उपलब्धि, कक्षा छोड्ने बढी, टिकाउ दरमा कमी र दोहोऱ्याउने दर बढी हुन जस्ता अवस्थाहरू सिर्जना हुन पुगेका छन् । यस्ता पक्षमा उल्लेख्य सुधार ल्याउन महिला शिक्षाको व्यवस्थापन कक्षाकोठामा अपरिहार्य र महत्वपूर्ण हुन्छ । महिला शिक्षकहरू मेहेनती, पठनपाठनमा संवेदनशील हुने, मिठासपूर्ण भाषाशैली, सहनशीलता, बालमनोविज्ञान बुझ्ी सहयोगात्मक सिकाइको वातावरण तयार गर्ने लगायत उनीहरूमा बहुउत्तरदायित्व बहन गर्ने क्षमता हुन्छ ।

वास्तवमा विद्यालय शिक्षाको विविध पक्षहरूमा समस्या र चुनौतीहरू पर्याप्त छन् । बाल मजदुर बालश्रमिकदेखि अन्य बालबालिकाहरू अझै पनि विद्यालय शिक्षाबाट बञ्चित छन् । अज्ञानता, अशिक्षा, घरायसी काममा सहयोग अधिकारमुखी शिक्षाप्रतिको अनभिज्ञता, उनीहरूको अनिच्छा तथा विविध बाध्यताले विद्यालय प्रवेश गर्न नसकिरहेको अवस्था छ ।

विद्यालयमा पनि सिकइको उपयुक्त वातावरणको अभाव, शिक्षाको गुणस्तरमा कमी, घरायसी वातावरण पाउन नसक्नु, बसाई तथा सिकाइ वातावरण अनुकूल नहुनु जस्ता समस्याले “बीचैमा कक्षा छोड्ने” प्रवृत्ति बढ्नु, कक्षा दोहोऱ्याउने अवस्था बढेर गएको देखिन्छ ।

यसैगरी शिक्षक वृत्तमा पनि पर्याप्त चुनौति देखिएका छन् । पेशाप्रति जिम्मेवार र उत्तरदायित्वको बोध कम हुनु, सिकाइ वातवारण सृजना गर्न नसक्नु, विषयगत शिक्षण कौशलको अभाव, उपचारात्मक/सुधारात्मक शिक्षण विधिलाई उपयोग गर्न नसक्नु, बलमनोविज्ञानको कमी, महिला शिक्षकको विद्यालयमा प्रवेशमा कमी, व्यवस्थापकीय पक्ष कमजोर आदि पक्षले विद्यार्थीको उपस्थिति अपेक्षाकृत रूपमा न्यून हुन गएको देखिन्छ । तसर्थ सकभर महिला शिक्षकको उपस्थितिमा बृद्धि गरी छात्रा सङ्ख्या वृद्धि, नियमित हुन प्रोत्साहित गर्ने, छोरीलाई पनि पढाउनुपर्ने मान्यतालाई साकार पार्न र बालबालिकालाई विद्यालयमा ल्याउन, सिकाउन र टिकाउन प्रयास गर्नुपर्दछ ।

यसरी नै विद्यालयको भौतिक व्यवस्थापकीय पक्ष र शैक्षिक गुणस्तर पक्षमा आवश्यक सुधार ल्याउन अभिभावक, वि.व्य.स. तथा शि.अ.संघ जस्ता सरोकारवालाहरू समेतको ध्यान पर्याप्त पुग्न सकेको देखिँदैन ।

विद्यालय तहमा महिला शिक्षकको व्यवस्थापनले शैक्षिक उपलब्धि बृद्धि गर्ने उद्देश्य अनुरूप विकास भइरहेको पाइँदैन । यसै गरी महिला शिक्षकको व्यवस्थापन गर्ने नीति अनुरूप सरकारी क्षेत्रबाट पनि सबै ठाउँमा समान रूपमा व्यवस्था गरेको पाइँदैन । ग्रामीण, दुर्गम क्षेत्रका विद्यालयमा महिला शिक्षकको सहभागिता बढाउन सकेमा उनीहरूको विद्यालयप्रतिको सहयोग, बालबालिकाको विद्यालय भर्ना, नियमितता, शैक्षिक उपलब्धिमा वृद्धि, शैक्षिक सहुलियतको समानुपातिक वितरण, विद्यार्थी टिकाउ दरमा वृद्धि, कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी आदि पक्षहरूमा सकारात्मक प्रभाव तथा सुधार देखिने कुरामा विश्वस्त बन्न सकिन्छ तापनि नीतिगत व्यवस्था भएअनुरूप माथिल्लो तहमा महिला शिक्षकको सार्थक सहभागिता गराउन नसकिनु र शहर केन्द्रित व्यवस्थाले गर्दा कार्यक्रम नै उद्देश्य अनुरूप सञ्चालन नभएको देखिएकाले यो अनुसन्धानमा **शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव** भन्ने विषयवस्तु छनोट गरी उपरोक्त कुराहरूको अवस्था के कस्तो छ ? महिला शिक्षकको विभिन्न तहमा सहभागिता के कस्तो छ ? के कस्ता पक्षमा कसरी सुधार ल्याउन सकिन्छ ? भन्ने कुरा पत्ता लगाउने प्रयास यस अनुसन्धानमार्फत गरिएको छ ।

समयानुकूल प्राथमिक तहको शिक्षण सिकाइमा उल्लेख्य सुधार गर्दै अन्य तहमा समेत वृद्धि गर्नका लागि महिला शिक्षकको व्यवस्थापन गरिए पनि यस क्षेत्रमा अपेक्षाकृत सफलता हासिल गर्न सकिएको देखिँदैन । शिक्षण पेसामा महिला शिक्षकको व्यवस्थापनले

शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू, क्षतिमा सुधार गर्न महत्वपूर्ण भूमिका रहने भएकाले विद्यालय शिक्षाको वर्तमान अवस्थालाई मध्यनजर गरी यो विषयवस्तुलाई समस्याको रूपमा लिई यस अध्ययनमा समावेश गरिएको छ। यसै क्रममा शिक्षण पेशामा महिला शिक्षकको व्यवस्थापनको वर्तमान अवस्था कस्तो छ ? महिला शिक्षकको शिक्षण कार्यमा प्रभावकारिता छ, छैन ? विद्यालयमा बालबालिकाको प्रवेशमा सुधार ल्याउन, टिकाउन र सिकाउन उनीहरूको सहभागिताले उपलब्धि हासिल भएको छ, छैन ? शैक्षिक क्षति न्यूनीकरणमा उनीहरूको सहभागिताले उपलब्ध हासिल भएको छ, छैन ? महिला शिक्षकको अधिकार र जिम्मेवारीहरू के के छन् ? महिला शिक्षक व्यवस्थापनसँग सम्बन्धित समस्याहरू के के छन् ? आदि जस्ता प्रश्नको उत्तर खोजी गर्दै शिक्षण पेशालाई समावेशी, थप सशक्त, मर्यादित र प्रभावकारी बनाउँदै शिक्षण सिकाइसम्बन्धी कठिनाइ र क्षति न्यूनीकरण गर्न महिला शिक्षकको भूमिका के कस्तो छ भन्ने कुरामा यो अध्ययन केन्द्रित रहेको छ।

## १.३ अध्ययनको औचित्य

महिला र पुरुषलाई हेर्ने दृष्टिकोण समान नभएकाले व्यवहार पनि सोहीअनुसारको पाइएको छ। नेपालमा पितृसत्तात्मक दृष्टिकोण र व्यवहारको प्रत्यक्ष प्रभाव रहेकाले महिलाहरूको स्थान तथा व्यवहार गौण देखिछ। अझ शिक्षामा नारी शिक्षित भएमा परिवार नै शिक्षित हुन्छ तर पुरुष शिक्षित भएमा व्यक्ति मात्र शिक्षित हुन्छ भन्ने भनाइले पनि पुष्टि गर्दछ। यसले एउटै रथका दुई पाङ्ग्राको रूपमा शिक्षामा महिला पुरुषलाई लिएको पाइन्छ। त्यस्तै बालकलाई शिक्षाको सुरुवात महिलाको कारणबाट नै हुने हुनाले महिला नै प्रेरणाको जननीको रूपमा लिइन्छ। यस्तो रूपमा रहेको तथ्याङ्कबाट पनि शिक्षण पेसामा महिला शिक्षकको सहभागितासम्बन्धी अध्ययन औचित्यपूर्ण छ।

हालको परिप्रेक्ष्यमा प्राथमिक तहमा न्युनतम एकजना महिला शिक्षक जसमा तीन शिक्षकको अवस्थामा एक महिला शिक्षक र ५ शिक्षकको दरबन्दीको अवस्थामा दुई महिला शिक्षकको व्यवस्था शिक्षा नियमावलीमा उल्लेख गरिएको छ। महिलाहरू सामाजिक रूपमा बालबच्चाको पालनपोषण, हेरचाह, शिक्षाको प्रारम्भिक स्रोतको रूपमा रहन्छन्। यस अर्थमा शैक्षिक क्षतिको न्यूनिकरण गर्दै बालमैत्री वातावरणमा शिक्षण सिकाइ सञ्चालनमा महिला शिक्षकको भूमिकाको पहिचानको सम्बन्धित क्षेत्रलाई अथाह सहयोग पुग्ने हुनाले यो अध्ययन महत्वपूर्ण मानेर यो शीर्षकमा अध्ययन गर्ने प्रयास गरिएको छ।

यो अध्ययनले विशेष गरी महिलाहरूलाई परिवार, समाज र विद्यालयमा उच्च स्थान प्रदान गर्ने लैङ्गिक समानता र समताको दृष्टिकोणलाई व्यवहरमा स्थापित गर्ने, शिक्षण पेसामा लैङ्गिक विभेद हटाउने, समावेशीकरणको उच्चतम अभ्यासका कार्यक्रमहरू निर्माण र सञ्चालन गर्ने क्रममा नीति निर्माणकर्ता तथा शैक्षिक योजनाकारहरूलाई मार्गदर्शन गर्ने हुनाले यस शीर्षकमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

शिक्षामा भएको आमूल परिवर्तनसँगै विद्यालय तहमा महिलाको न्यून उपस्थितिलाई बढाउनका लागि ल्याइएका नीति नियमहरूको आधारमा शिक्षण पेशामा महिलाको सहभागिताको अवस्था र प्रभाव पत्ता लगाउन सकिन्छ । यो शोध कार्यले महिला शिक्षकको पहुँचमा आवश्यक वृद्धि भई शिक्षण पेशामा पनि लैङ्गिक समानता तथा शैक्षिक विकास गर्ने आधार प्रदान गर्दछ । यसका अलावा शिक्षा क्षेत्रका सरोकारवालाहरूलाई पनि सामुदायिक विद्यालयमा महिला शिक्षकको व्यवस्थापनले शैक्षिक गुणस्तर वृद्धि र क्षति न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षाका साथ अध्ययनको केन्द्रबिन्दु बनाइएको छ ।

समुदायसँगको सम्बन्ध बिस्तार सामाजिकीकरण, सूचना, सञ्चार र प्रविधिसँग शिक्षण गतिविधिलाई एकाकार, बालिकाहरूको निजी समस्याको उचित समाधान, नविनतम शिक्षण विधिको उपयोग गर्न सक्ने सामर्थ्य महिला शिक्षकमा पनि हुन्छ । खास गरी बालबालिका समस्याअन्तर्गत न्यून भर्नादर, नियमितताको कमी, कक्षा छाड्ने र दोहोऱ्याउने, न्यून सिकाइ उपलब्धिमा महिला शिक्षकको जवाफदेहिता पत्ता लगाउनु अपरिहार्य भएकाले यो शीर्षकलाई अध्ययनका क्षेत्रमा प्रवेश गराइएको हो । महिला शिक्षकको व्यवस्थापनले विद्यालयलाई बालमैत्री बनाउन, बालबालिकालाई मातृत्व प्रेम दिन, शिक्षण क्रियाकलापलाई थप प्रभावकारी तुल्याउन, घरेलु सामग्रीलाई शिक्षणमा प्रभावकारी रूपमा उपयोग गर्दै रोचक पार्न, विद्यालय सफा, स्वस्थ एवम् सुन्दर बनाउन र शैक्षिक क्षति न्यूनीकरणमा सहयोग पुग्ने कुरालाई पुष्टि गर्न यो अध्ययन कार्य औचित्यपूर्ण छ ।

गुणस्तरीय शिक्षा अहिलेको सर्वव्यापक मान्यता हो । यस मान्यतालाई मूर्तरूप दिन महिला शिक्षकको सहभागिताबाट अपेक्षा गरिएको छ। चुनौतिपूर्ण शिक्षण कार्यको प्रभावकारिताका लागि छलफल चलाउँछ, व्याख्या विश्लेषण गर्नु र ठोस निष्कर्षमा पुग्नु यस अध्ययनको महत्वपूर्ण पक्ष हो । आम विद्यालय क्षेत्रका अतिरिक्त कुनै पनि क्षेत्रमा महिला सक्षमतालाई कमजोर नजरले हेरिन्छ, आमविश्वास छैन । यस सन्दर्भमा महिला पनि शिक्षण पेसामा अब्बल छन्, सक्षम छन् र शैक्षिक क्षति न्यूनीकरण गर्न तथा विद्यालय विकासका

लागि योगदान पुऱ्याउन महिला शिक्षकहरूले खेलेको भूमिकाको वास्तविक अवस्था कस्तो छ भनेर सिङ्गो समाज तथा विद्यालय परिवार सामु स्पष्ट पार्नु सान्दर्भिक ठानेर यो विषयलाई उठान गर्ने प्रयास गरिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

क) शिक्षण पेसामा महिला शिक्षकको सहभागिताको अवस्था पहिचान गर्न,

ख) महिला शिक्षकको सहभागिताले सिकाइ उपलब्धिमा पारेको प्रभाव अध्ययन गर्न,

ग) शैक्षिक सुधारका लागि महिला शिक्षकको भूमिका अध्ययन गर्न,

घ) महिला शिक्षकको समस्या तथा समाधानका उपायहरू पत्ता लगाउने

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका लागि निम्नअनुसारका अनुसन्धानात्मक प्रश्नहरूलाई आधार मानिएको छ :

क) शिक्षण पेसामा महिला शिक्षकको व्यवस्था सहभागिता नीतिगत रूपमा उपयुक्त ढङ्गबाट गरिएको छ, छैन ?

ख) शैक्षिक गुणस्तर वृद्धि गर्न महिला शिक्षकको भूमिकालाई थप प्रभावकारी बनाउन के गर्न सकिन्छ ?

ग) महिला शिक्षकको सहभागिताले बालबालिकाको सिकाइ स्तर उकास्न सहयोग पुगेको छ कि छैन ?

घ) महिला शिक्षकको शिक्षणसम्बन्धी समस्याहरू के के हुन् ?

ङ) शिक्षण क्षेत्रमा महिला शिक्षकको समस्या समाधानका लागि के के उपाय अपनाउन सकिन्छ ?

च) शैक्षिक गुणस्तर बढाउन के कस्ता कदमहरू चाल्न सकिन्छ ? यसका लागि महिला शिक्षकबाट के कस्तो सहयोग हुन सक्छ ?

## १.६ अध्ययनको परिसीमा

अध्ययन अनुसन्धान आफैँमा जटिल विषय हो। गहिराईसम्मको अध्ययन अनुसन्धानबाट मात्र सार कुरा थाहा पाउन सकिन्छ। जुनसुकै अध्ययनको आफ्नै कार्यक्षेत्रको निश्चित परिसीमा हुने गर्दछ। उक्त परिसीमाभित्र रही निष्कर्ष निकाल्न सहज हुन्छ।

यो अध्ययनरत अनुसन्धान झापा जिल्ला अन्तर्गत १७ वटा स्रोतकेन्द्रहरूमध्ये अर्जुनधारा नगरपालिकामा स्थित शनिश्चरे स्रोतकेन्द्रमा मात्र सीमित गरिएको छ। शनिश्चरे स्रोतकेन्द्रभित्रका २८ वटा सामुदायिक विद्यालयमध्ये ५ वटा विद्यालय यस अध्ययनमा समावेश गरिएका छन्। यी ५ वटा विद्यालयमध्ये प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तिनै तहका विद्यालय समेट्ने गरी नमुना छनौट गरिएको छ। अध्ययन प्रतिवेदन तयार गर्ने क्रमा विद्यालयको आर्थिक, सामाजिक, सांस्कृतिक, व्यवस्थापन, शैक्षिक आदि पक्षमा प्रवेश गर्दा विषयवस्तुको दायरा फराकिलो र ठूलो भएकाले अनुसन्धान बोझिलो हुन गई अध्ययन सम्पन्न गर्न कठिनाइ उत्पन्न हुने हुँदा यस अध्ययनलाई ‘शैक्षिक पक्ष’मा मात्र सीमित गरिएको छ। छनोट गरिएका ५ वटा विद्यालय प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तिनैवटा तहका विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति पदाधिकारीलाई नमुना जनसङ्ख्याको रूपमा अध्ययन गरिएको छ।

**शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव** भन्ने शीर्षक विशेष गरी प्राथमिक तहमा शैक्षिक सुधारका लागि महिला शिक्षकको भूमिका अवस्था अध्ययन क्षेत्र र सम्बन्धित सरोकारवालालाई मात्र अध्ययन क्षेत्रका रूपमा छनौट गरी यो शोधपत्र तयार गरिएको छ।

# अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा अध्ययनसँग सम्बन्धित लेख, रचना, अध्ययन र अनुसन्धान प्रतिवेदनहरूको पुनरावलोकन गरिनुका साथै अध्ययन क्षेत्रबाट प्राप्त उपलब्धि र निष्कर्षलाई व्याख्या विश्लेषण गर्नका लागि आवश्यक सैद्धान्तिक खाकासहित शैक्षिक उपादेयतालाई पनि समावेश गरिएको छ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकन

सर्वप्रथम शिक्षणमा महिला शिक्षकको आवश्यकता हुने कुरा नेपाल राष्ट्रिय योजना आयोगको प्रतिवेदन सन् १९५५ले सिफारिस गरेको छ। उक्त प्रतिवेदनमा महिला शिक्षकहरू पुरुष शिक्षकभन्दा बच्चाहरूसँग छिटो घुलमिल हुने र प्रभावकारी शिक्षण गर्न सक्दछन्।

यसैगरी राष्ट्रिय शिक्षा समिति २०१८ को प्रतिवेदनमा महिला शिक्षकहरू पुरुष शिक्षकभन्दा शिक्षण कार्यमा तल्लीन रहन सक्छन् भनेको छ।

यसै सिलसिलामा महिला शिक्षक भर्ना र सहभागिता तथा नियुक्तिमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मौन छ।

त्यसैगरी पाँचौं पञ्चवर्षीय योजना (१९७६-८०) ले विद्यालमा छात्राहरूको पहुँच तथा शिक्षिकाहरूको सङ्ख्या बढाउन शिक्षिकाहरूको नियुक्तिलाई प्राथमिकता प्रदान गर्ने कुरा उल्लेख गरेको छ।

त्यसैगरी बालिका शिक्षा र महिला शिक्षाको भर्नालाई प्रोत्साहित गर्न राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ले विभिन्न कार्यक्रम राखेको पाइन्छ। यसमा महिला तथा बालिकाहरूको पहुँच र विकाससम्बन्धी विषय उल्लेख छ। यसै प्रतिवेदनको सिफारिस बमोजिम शिक्षा नियमावली २०४९ मा संशोधन गरी प्रति विद्यालय कम्तीमा १ जना महिला शिक्षक नियुक्ति गर्ने व्यवस्था गरिएको हो।

(कोइराला, २०७४) "एक नारी शिक्षित भए सिङ्गो घर शिक्षित" नामक शीर्षकमा लेख्नुभएको लेखमा शिक्षामा छात्राहरूको प्रवेश र महिला शिक्षकको सहभागितालाई व्यवस्थित गर्नाले गुणात्मक वृद्धि हुन्छ, को बारेमा उल्लेख गर्नुभएको छ। शिक्षाका मामलामा महिला पुरुषभन्दा बढी संवेदनशील हुन्छन्। यसका लागि छात्राहरूको भर्नालाई

बढावा दिनुपर्छ। महिला शिक्षकको नियुक्ति, पदस्थापन र शिक्षण सिकाइमा आवश्यक व्यवस्था मिलाइनु पर्दछ।

(रेग्मी, २०६१) को लेखमा सम्मिलित उद्देश्यहरू नेपालमा महिला शिक्षा व्यवस्थापनको वर्तमान अवस्था, महिला विकासमा भएका समस्या तथा समाधानका उपायहरू जस्ता कुरालाई आधार बनाएर गर्नु भएको अध्ययनबाट न्यून महिला सहभागिता रहेको छ। शिक्षामा न्यून संलग्नता खास गरी चेतनाको कमी, भेदभाव, गरिबी, परम्परावादी सोच, अशिक्षा आदि पक्षहरूले जन्माएका निष्कर्ष निकाल्नु भएको छ । समस्याहरूको यथोचित समाधान खोज्दै लेखिकाले महिलाको शैक्षिक, आर्थिक सामाजिक र अन्य पक्षहरूमा यथाशीघ्र सुधार र परिवर्तन गर्नुपर्ने सुझाव दिएको पाइन्छ। महिलालाई साक्षर र शिक्षित, सचेत साथै आत्मनिर्भर बनाइ उनीहरूमा लुकेको सृजनात्मक प्रतिभा, क्षमता र व्यक्तित्वलाई उजागर गर्नु पर्दछ। त्यसैले महिलाको वास्तविक स्थिति बुझेर, आवश्यकता पहिचान गरी शिक्षा साक्षरता, सीपमूलक आयआर्जन तथा कार्यक्रमहरू सञ्चालन गर्न जरुरी छ। जसका लागि उक्त लेखले अनुसन्धान कार्यमा थप सहयोग पुग्नेछ।

(उपाध्याय, २०६२) द्वारा लेखिएको शोधपत्रमा माध्यमिक तहमा छात्राको अवस्था पहिचान गर्ने, छात्रा न्यून रहनुको कारण पत्ता लगाउन तथा सहभागिता बढाउनका लागि आइपरेका समस्याको समाधानका उपायहरू सुझाउने कुरासँग सम्बन्धित छन्। शोधकार्यका माध्यमबाट छात्राहरूको सहभागिता तुलनात्मक रूपमा न्यून रहनुमा चेतना अभाव, लैङ्गिक विभेद, घरधन्दामा बढी संलग्नता, नाजुक आर्थिक परिस्थिति, सामाजिक असुरक्षा आदि कारक तत्वहरू उल्लेख भएका छन्। यसर्थ बालबालिकाहरूलाई विशेष गरी छात्राहरूलाई विद्यालय भर्ना हुन र प्रभावकारी सिकाइ प्राप्त गर्ने सवालमा प्रोत्साहित हुने गरी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। सहभागितालाई अझ वृद्धि गरी सबल र सक्षम बनाउनका लागि हामी सबैको भूमिका स्पष्ट हुन जरुरी छ।

(राई, २०६६) को शोधपत्रमा शिक्षण पेशामा महिला शिक्षकको सहभागितामूलक अवस्थाको वास्तविक चित्रण गरेको पाइन्छ। खास गरी महिला शिक्षकको यस पेशामा उपस्थितिको सन्दर्भमा आइपरेका समस्याहरू र समाधानका उपायहरू तथा बालबालिकाहरूको सिकाइमा परेको प्रभाव जस्ता विषयमा यो शोध केन्द्रित रहेको छ। सर्वेक्षण विधिमा आधारित यस शोध अध्ययनले महिला शिक्षकको शिक्षणमा देखापरेका

समस्याहरूको समाधानका लागि सुझाव प्रस्तुत गर्नु मुख्य उद्देश्य राखिएको छ । भेदभावपूर्ण व्यवहार, लैङ्गिक असमानता, पक्षपातपूर्ण न्यायिक प्रणाली देखिएकाले पुरुषभन्दा तुलनात्मक रूपमा महिला शिक्षकहरूको सहभागिता कमजोर देखाइएको छ ।

उक्त शोध अध्ययनमा शिक्षण पेशामा महिला शिक्षकको सहभागिताले छात्रा संस्था वृद्धि साथै नियमितता समेतमा जोड दिई बालमैत्री वातावरणमा सिकाइको स्तर उकास्न सहयोग पुऱ्याइएको तथ्य उल्लेख गरेकै छ तर महिला शिक्षकको संम्वेदनशीलता र पुरुषभन्दा पृथक विशेषताले सिकाइमा पारेको प्रभावबारे भने खोजी गरिएको पाइएन । तसर्थ यस अध्ययनमा महिला शिक्षकको शरीर, संवेदनशीलता र स्वभावगत पक्षका कारण पुरुष शिक्षकबीचमा शिक्षण सिकाइ सन्दर्भमा भएको फरकपन पत्ता लगाउने प्रयास गर्नुपर्ने देखिन्छ । जसबाट गुणस्तर विकासमा थप सहयोग पुग्न सक्छ ।

दशौं पञ्चवर्षीय योजनाको प्रतिवेदन (वि.सं.२०५९-६४)ले दिगो आर्थिक वृद्धि र गरिबी निवारणको लक्ष्य हासिल गर्न शिक्षाको माध्यमबाट महिला विरुद्धको सबै भेदभाव उन्मूलन गर्दै नीति निर्माणमा सहभागिता कम्तिमा २० प्रतिशत पुऱ्याउने कार्यक्रम राखेको पाइन्छ । जसमा शिक्षामा देखिएका चुनौतिलाई ध्यानमा राख्दै साक्षरता, साक्षरोत्तर, आयमूलक र जीवनोपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी महिलाको जीवनस्तर उकास्न र महिला शिक्षकको पहुँच सुनिश्चित गर्न सिफारिस गरेको देखिन्छ । कमजोर न्याय प्रणाली र सामाजिक सकारात्मक विभेदको अभाव हालसम्म पनि कायमै देखिन गएकाले दिगो आर्थिक विकासको लक्ष्य प्राप्तिमा समस्या भएको हुँदा महिला, दलित तथा पिछडिएका वर्गको पहुँच सुनिश्चित गर्न प्रभावकारी कदम चाल्नुपर्छ र महिला शिक्षकको सहभागितालाई अझ मजबुत बनाउन आवश्यक नीतिगत व्यवस्था गरी पूर्ण कार्यान्वयनमा लानुपर्ने देखिन्छ ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले आधा जनसङ्ख्याको हिस्सा ओगटेको महिला निरक्षरता ७० प्रतिशत रहेकोमा प्रा.वि. तहमा भने ४०प्रतिशत मात्र छात्राहरू विद्यालय प्रवेश गरी ६० प्रतिशत छात्राहरू विद्यालय नै नआएको तथ्याङ्क उल्लेख गरेको छ । महिला शिक्षकको अवस्था भनेको २७ प्रतिशत मात्र रहेको पाइन्छ । उक्त समस्याको समाधानका लागि आयोगले महिला शिक्षक सहभागिता बढाउन नियुक्तिमा प्राथमिकता, सेवा सुविधामा वृद्धि, महिला शिक्षा तथा सशक्तिकरणका लागि प्रचारप्रसार, शिक्षा पूरा नगरी बीचैमा छोड्नेलाई चेतनामूलक तालिम कार्यक्रम सञ्चालन, छात्रावृत्तिको

प्रबन्ध आदि सुझावहरू सुझाएको देखिन्छ । तसर्थ महिला शिक्षालाई समयानुकूल सशक्त, स्तरीय र सबैको पहुँच योग्यता बनाउन साक्षरता अभियानसँगै प्रेरणादायी र क्रियाशील नेतृत्वको सृजनामा जोड, खुल्ला शिक्षालाई अझ सशक्त साथै महिला शिक्षाको सेवा सुबिधामा आवश्यक बढोन्नति तथा महिला सम्बद्ध विषयमा विविध अनुसन्धान गरी देखिएको समस्याको समाधान गर्नुपर्ने जरुरी छ । हरेक हिसाबले महिलाहरूको स्तरीकरण गरी शैक्षिक गुणस्तर विकासका लागि राज्य र स्थानीय तह सबैबाट प्रयास हुनुपर्ने देखिन्छ ।

महिला शिक्षकहरूप्रति विभिन्न सरोकारवाला वि.व्य.स. अध्यक्ष, प्र.अ., अभिभावकको धारणा बुझ्दा महिला शिक्षकहरू सहनशील, लगनशील, व्यक्तिगत तथा सामुदायिक, सरसफाइमा सचेत, विद्यार्थी र विद्यालय परिवारसँग मिलनसार र सहयोगी हुने बालबालिकाको मनोभावना बुझी सरसहयोग गर्ने, कक्षा शिक्षणलाई सुरक्षित, प्रभावकारी र रमाइलो बनाउने र पेशागत कार्यमा अब्बल भई बालबालिकाहरूलाई सामाजिकीकरण गराउने क्षमता महिला शिक्षकमा हुने कुरा सरोकारवालाहरूको धारणाबाट प्रष्ट हुन्छ ।

यस अध्ययनले महिलाहरूको सामाजिक, लैङ्गिक, पारिवारिक चुनौतीहरू थाहा पाई शिक्षण सिकाइको क्षेत्रमा आइपर्ने समस्याहरूको बारेमा खोज नगरेको हुनाले यस अध्ययनमा शिक्षण सिकाइको क्षेत्रमा महिलाले भोग्दै आएका चुनौति तथा समस्याहरूलाई समावेश गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धान कार्य आफैं जटिल हुन्छ । कुनै पनि अध्ययन र अनुसन्धान कुनै न कुनै सिद्धान्त वा अवधारणा आधारित भएर गरिन्छ । शोध विषयसँग सम्बन्धित विद्वानहरूद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणाको परिधिमा रही विद्यमान समस्याको अध्ययन एवम् विश्लेषण गर्न सान्दर्भिक हुने हुँदा यसले यो शोधकार्यलाई अगागडि बढाउन सहयोग गर्नेछ ।

यो अध्ययन निर्माणवादी सिकाइ सिद्धान्तमा आधारित छ । मानसिको बानीबेहोरा, सिकाइ प्रक्रिया र सिकाइको गति पनि उस्तै उस्तै हो भन्ने लाग्दछ । तर व्यक्तिगत भिन्नता अनुसार वृद्धि र विकासको क्रम र दर मात्र फरक हुने होइन कि सिकाइको मात्रा, दर, गति समेत फरक फरक हुने कुरा प्रस्ट हुन्छ । मानव विकाससँगै सिकाइको घनिष्ट सम्बन्ध हुन्छ । मावन विकास र सिकाइमा विभिन्न जातजाति, धर्म, संस्कृति, आर्थिक सामाजिक स्तरहरूका अलावा उपयुक्त सिकाइ वातावरण र शिक्षकको शिक्षण कौशल र कलाले पनि महत्वपूर्ण भूमिका खेल्दछ । शिक्षण पेशामा आबद्ध मानिसहरूले बालबालिकाको सर्वाङ्गिण

पक्षलाई मनन गरी सामाजिक तथा सांस्कृतिक विविधताको पहिचान सहित शिक्षणमा निखार ल्याउने प्रयास गरेमा निश्चित रूपमा सिकाइ अर्थपूर्ण र दीर्घकालीन बन्न सक्दछ (श्रेष्ठ, २०६६) ।

यस अनुसन्धान रचनावादी सिकाइ सिद्धान्तसँग सम्बन्धित छ। सन् १८९६ मा रसियन मनोवैज्ञानिक तथा दार्शनिक भिगोत्स्कीद्वारा प्रतिपादित यस सिद्धान्तले विशेष गरी खोज सिकाइका लागि सांस्कृतिक र सामाजिक परिवेशको प्रभावमा जोड दिएको पाइन्छ। शिक्षकको सक्रिय भूमिका हुने र विद्यार्थीको मानसिक क्षमताको विकास स्वभाविक रूपले खोज अनुसन्धानका विविध तरिका वा पद्धतिमार्फत गरिन्छ। व्यक्ति तथा सिकारुको विकास सामाजिक अन्तरक्रियाबाट हुन्छ। मनोवैज्ञानिक भिगोत्स्कीले व्यक्ति वा बालक र विद्यार्थीलाई सामाजिक सांस्कृतिक परिवेशभित्र राख्दछ भनी सामाजिक रूपान्तरणका लागि शिक्षामा जोड दिएका छन्। सामाजिक तथा सांस्कृतिक क्षेत्रमा व्यक्तिलाई सहभागी गराई सिकाएको अर्थ प्राप्त गर्ने क्षमता तथा दक्षता बढाइन्छ। मनोवैज्ञानिकले विद्यालयहरूलाई सामाजिक र सांस्कृतिक थलोका रूपमा परिभाषित गरी शिक्षण सिकाइको साथै विभिन्न शिक्षण विधि र सामग्रीको प्रयोग हुने कुरा उल्लेख गरेका छन्। शिक्षण सिद्धान्त, अभ्यास र तौरतरिकाहरू ऐतिहासिक र सांस्कृतिक वातावरणबाट प्रभावित हुन्छन् र सिकाइलाई थप योगदान प्रदान गर्दछ। यसरी यो सिद्धान्त सिकाइको स्वतस्फुर्त सृजनामा आधारित छ र सिकाइको अनुभवमा आधारित छ। उनले विशेष गरी अर्थपूर्ण सिकाइ प्रक्रियामा जोड दिँदै सहयोगात्मक सिकाइका लागि शिक्षक विद्यार्थीबीचमा निरन्तर र नियमित अन्तरक्रिया हुने कुरालाई विशेष महत्व दिएका छन्।

विद्यालय क्षेत्रमा पनि बालबालिकाहरूको सिकाइ प्राप्त गर्ने शैली र गति फरक फरक हुन्छ। विशेष गरी छात्राहरूको सिकाइ उपलब्धि न्यून हुनुको पछाडि उनीहरूको क्षमता र सिकाइ गतिलाई शिक्षकले पहिचान गर्न नसक्नु नै हो। सामाजिक तथा सांस्कृतिक पृष्ठभूमि बुझ्न नसक्नु नै हो। फरक-फरक पारिवारिक तथा सामाजिक परिवेशबाट विद्यालयमा आएका बालबालिकाहरूको इच्छा चाहना व्यवहार फरक फरक पर्न जाने हुँदा विद्यालय वातावरणमा शिक्षकले विविधताको उचित पहिचान गर्नु जरुरी देखिन्छ। साथै सोहीअनुसार वैयक्तिक शिक्षण गरी सिकाइ उपलब्धिको स्तर वृद्धिका लागि प्रयास गर्नुपर्दछ। भरसक शिक्षकले सामाजिक र सांस्कृतिक पक्षको मसिनो गरी अध्ययन गरी

सहयोगात्मक सिकाइको माध्यमबाट शिक्षण कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउने भूमिका निर्वाह गर्नुपर्छ ।

खास गरी बालिकाहरूले शिक्षक, प्रधानाध्यापक एवम् अभिभावकहरूबाट माया, ममता, मिठो बोली, स्नेही व्यवहार, प्रोत्साहन एवं उनीहरूको व्यवहारको कदर, समुहमा कार्य गर्ने जस्ता सामाजिक आवश्यकता परिपूर्तिको चाहना राख्दछन् । यस्तो चाहना परिपूर्ति गर्न विद्यालयमा महिला शिक्षकको अहम् भूमिका रहन जान्छ । विद्यालयमा महिला शिक्षकले विद्यालयलाई बालमैत्री बनाउन, मातृत्व प्रेम दिन, शिक्षण क्रियाकलापलाई थप प्रभावकारी तुल्याउन, शिक्षण क्रियाकलापलाई थप रोचक बनाउन, कुशल गृहिणीले झैँ विद्यालयलाई स्वच्छ, सफा एवम् सुन्दर तुल्याउन प्रभावकारी भूमिका खेल्न सक्छन् । यसका अलावा विद्यालयमा बालिकाहरूको उपस्थिति, बालिकाहरूलाई शिक्षामा उत्प्रेरणा जगाउने काम, मनोविज्ञान बुझ्ने क्षमता साथै अर्थपूर्ण सिकाइको माध्यमबाट शैक्षिक उपलब्धिमा पनि महत्त्वपूर्ण योगदान मिल्दछ । यसर्थ बालबालिकाको सामाजिक, सांस्कृतिक पृष्ठभूमिको निर्क्यौल गर्दै सहयोगात्मक सिकाइका लागि महिला शिक्षकको भूमिकालाई थप सशक्त बनाउन भिगोत्स्कीको रचनावादी सिद्धान्त, दर्शन सहयोगसिद्ध हुने कुरामा विश्वस्त बन्न सकिन्छ ।

शैक्षिक अवस्था समकालीन समाजबाट नियन्त्रित, निर्देशिन हुन्छ । सामाजिक व्यवहार, चालचलन, मूल्य, मान्यता तथा संस्कृति जस्ता तत्त्वहरूले शिक्षणमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन सक्छ र सोको आधारमा शिक्षण तौरतरिकाको संयोजन गर्नुपर्ने हुन्छ भन्ने मान्यता यस सामाजिक तथ्यको सिद्धान्तले स्थापित गरेको हुन्छ । व्यक्तिले गर्ने यस्ता व्यवहार एवं कार्यहरूबाट शिक्षामा समेत प्रभाव पारेको देखिन्छ । महिलामाथि हेर्ने पक्षपाती दृष्टिकोणले गर्दा उन्नति र सशक्तिकरण कमजोर छ । छोराछोरीको विवाह कम उमेरमा गरिनु, विवाहपछि उनीहरूलाई घरायसी काममा मात्र लगाउनु, विद्यालय नपठाउनु, परिवारको आयस्रोत नै छोराछोरीले गर्ने शारीरिक श्रमलाई सम्झनु, छोरीको शिक्षालाई महत्व नदिनु आदि जस्ता उदाहरणहरू सामाजिक चेतनाद्वारा नियन्त्रित व्यवहारको रूपमा उल्लेख गर्न सकिन्छ । विद्यालय प्रवेश गर्ने र छोड्ने प्रवृत्ति पनि समाजसँग सम्बन्धित तथ्य वा घटना भएको हुँदा यसका कारणहरूसँग सम्बन्धित गरी यो अध्ययन गर्ने प्रयास गरिएको छ ।

## २.३ शैक्षिक उपादेयता

अध्ययन गरिएको विषयका लागि छानिएको वैचारिक सिद्धान्तहरू प्राकृतिक सहभागितामूलक मूल्याङ्कन विधि र सिद्धान्तले कुनै पनि कार्यक्रम तथा मूल्याङ्कन कार्य गर्नका लागि प्राकृतिक रूपमा मूल्याङ्कनकर्ता आफैँ उपस्थित हुनुपर्ने र सही सूचना प्राप्त गर्न सकिने तथा यस्तो कार्यमा हरेक पाटा पक्षमा बलियो मानवीय सम्बन्ध बनाउनुपर्ने जस्ता कार्यबाट मात्र उद्देश्य प्राप्तिमा राम्रो हुने तर्क रहेको छ। वैचारिक सिद्धान्तहरू सामाजिक परिवेशमा हुने खोज सिद्धान्तमा आधारित Constructivist learning Theory मा मानव विकास र सिकाइका लागि सामाजिक तथा सांस्कृतकि परिवेशको प्रभाव पर्ने हुन्छ। जसले गर्दा परिवेश अनुकूलको शिक्षा आवश्यक पर्छ। तसर्थ प्राथमिक विद्यालय तहमा महिला शिक्षकको सहभागिता गराउँदा विभिन्न सामाजिक पृष्ठभूमिबाट आएका बालबालिकाहरूको मनोबल बढाउन, उनीहरूमा आत्मसन्तुष्टि प्राप्तिका अवसर प्रदान गर्न, माया ममताका साथ उत्साह बढाउन, विद्यालय वातावरणसँगको अन्तरक्रिया वा छलफलबाट ज्ञानको रचना गर्न, शिक्षणलाई बालमैत्री तथा मनोविज्ञानसँगत पार्न, शिक्षण विधि र सामग्रीको उत्कृष्ट प्रयोगको अभ्यास गर्दै प्रभावकारी सिकाइ र शैक्षिक उपलब्धि हुने कारणले गर्दा यस्ता साहित्यको पुनरावलोकन प्रयोग गरिएको छ।

यस अध्ययन कार्यलाई अगाडि बढाउन सम्बन्धित धेरै लेख रचना तथा साहित्यको उपयोग गर्न खोजिएको छ। विभिन्न क्षेत्रका अध्ययनबाट निकालिएको निष्कर्षको आधारमा तयार गरिएको लेखहरूले यस अध्ययनका लागि शिक्षण पेसामा महिला शिक्षकको अवस्था, आन्तरिक क्षमता तथा व्यवस्थापन साथै शैक्षिक उपलब्धिमा देखिएका समस्या र पारेको प्रभाव आदिको बारेमा जानकारी गराउँदछ। यसका अवाला विद्यालय क्षेत्रमा खासगरी छात्राहरूको आन्तरिक दक्षताबारे अवस्था तथा छात्रा र महिला शिक्षकको सहभागिता बढाउन गराएको उपायबारे भएका प्रयासहरू सम्बन्धमा पनि सूचित गर्दछ। महिला शिक्षकसम्बन्धी शोधकार्यलाई अगाडि बढाउनको साथै महिला शिक्षकका विभिन्न क्षेत्रको मुद्दाहरूलाई सम्बोधनका लागि तुलनात्मक रूपमा अध्ययन गर्नु परेमा यो शोधपत्र प्रयोगमा ल्याउन सकिने विश्वास गरिएको छ।

यस शोधकार्यलाई अगाडि बढाउन अध्ययन गरिएका लेख तथा साहित्यले शिक्षण पेसामा महिला शिक्षकको सहभागिताले पारेको प्रभाव सम्बन्धमा उद्देश्यहरूको छनौट गर्न,

सोही अनुसार विषयवस्तुको चयन, अध्ययनको समयानुकूल अध्ययनको निष्कर्ष उल्लेख गर्न र औचित्य सावित गर्न, समस्याको कथन लेखनकार्यका लागि औचित्य सावित गर्न, शैक्षिक गुणस्तर विकासका लागि महिला शिक्षकको व्यवस्थापनका उपायहरू निर्दिष्ट गर्न समेत मार्गनिर्देश गर्दछ ।

अनिवार्य, समाहित, जीवनोपयोगी शिक्षाको प्राप्तिका लागि 'सबैका लागि शिक्षा' सहश्राब्दी लक्ष्य तथा विद्यालय क्षेत्र विकास जस्ता कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बद्ध सबै सरोकारवालालाई यस अनुसन्धानको निष्कर्षले सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त महिला शिक्षकको व्यवस्थापनमा कठिनाइ उत्पन्न भएका विद्यालयहरू समेतले शिक्षकको सही व्यवस्थापन गरी गुणस्तर वृद्धि गर्न थप प्रेरित गर्दछ । यसैगरी विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने उपल्लो निकायका व्यक्ति, संस्था तथा सम्बद्ध पक्षलाई समेत यस अध्ययनको माध्यमबाट मूल्याङ्कन प्रणालीलाई चुस्तदुरुस्त राख्न र थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि र प्रक्रिया

अध्ययनलाई उपयुक्त लक्ष्य हासिल गरी मार्गनिर्देशन सहित अध्ययन कार्य सम्पन्न गर्न अपनाइने तौरतरिका नै अध्ययन विधि हो । नयाँ-नयाँ खोज तथा अनुसन्धानको लागि हरेक क्षेत्रमा आ-आफ्नै खालका पद्धति हुन्छन् । प्रकृतिका आधारमा फरक-फरक रहने खोजका लागि विद्यालयको विभिन्न तहमा **शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव**को बारेमा अध्ययन गर्नका लागि निम्न पद्धतिको चयन गरिएको छ ।

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान कार्यका लागि तयार पारिने वृहत्तर योजना तथा रणनीतिलाई नै अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धानलाई निश्चित लक्ष्यसम्म पुऱ्याउनका लागि निश्चित योजना तथा रणनीतिको आवश्यकता पर्न जान्छ । अनुसन्धान एक जटिल कार्य भए पनि शोधकार्यलाई तथ्यपरक, स्तरीय र जानकारीमूलक बनाउन निश्चित अनुसन्धान ढाँचा अवलम्बन गरिन्छ । अनुसन्धान ढाँचाको उचित चयन र त्यसको सही प्रयोगले मात्र यथार्थ र सही सूचना प्राप्त गर्न सकिन्छ ।

यो अध्ययनको लागि परिमाणात्मक र गुणात्मक दुवै प्रकारका अनुसन्धान ढाँचा अपनाइएको छ । गुणात्मक अनुसन्धानको क्रममा अनुसन्धानकर्ताले प्रक्रिया, समस्या तथा घटनाहरूलाई यथास्थितिमा वा तिनीहरूको प्राकृतिक अवस्थामा व्याख्या विश्लेषण शाब्दिक रूपमा गरिन्छ भने परिमाणात्मक अनुसन्धानका लागि भने विषयवस्तु समस्या तथा मुद्दासँग सम्बन्धित विभिन्न चरहरूबीचको सम्बन्धलाई गणितीय तथा तथ्याङ्क शास्त्रीय विश्लेषणका विधिद्वारा निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यसर्थ प्राथमिक तहका महिला शिक्षकको शिक्षणमा सहभागिताका कारण पार्ने प्रभाव निष्कर्षमा रहेको अध्ययन अवस्था, घटना, प्रक्रिया तथा समस्याको अध्ययन गर्ने उद्देश्यले परिमाणात्मक र गुणात्मकसहितको मिश्रित अनुसन्धान विधिको उपयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमूना छनौट

शोधकार्यलाई तार्किक निष्कर्षमा पुऱ्याउन सम्भव भएसम्म समय र लगानीका आधारमा अध्ययनका लागि निश्चित क्षेत्र र जनसङ्ख्याको आवश्यकता पर्न जान्छ । सीमित स्रोत, साधन तथा समयको कारणले गर्दा शोध विषयको अध्ययनका लागि धेरै ठूलो क्षेत्र

समेट्न सम्भव नभएकाले विद्यालयहरू सुविधाजनक नमूना छनौट (Convenience sampling) विधिका आधारमा छनौट गरिएको छ ।

झापा जिल्लाको १७ ओटा स्रोतकेन्द्रमा शनिश्चरे स्रोतकेन्द्रभित्रका २८ ओटा विद्यालयहरूमध्ये पाँचओटा विद्यालय (आधारभूत र मा.वि.) दुईओटै तहका विद्यालयका प्र.अ., शिक्षक (पुरुष र महिला) वि.व्य.स. पदाधिकारी, विद्यालय छात्रा/छात्रलाई नमूना जनसङ्ख्या मानिएको छ। जसअन्तर्गत शनिश्चरे स्रोतकेन्द्रका २८ ओटा विद्यालयमध्ये ५ ओटा विद्यालय प्रा.वि., नि.मा.वि. र मा.वि. तिनै तहका विद्यालय समेट्ने गरी नमूना छनौट गरिएको छ। स्रोतभरिका विद्यालयबाट ५ जना प्र.अ., प्रा.वि. तहका शिक्षक ५ ओटा विद्यालयबाट १/१ जना महिला शिक्षक र १/१ जना पुरुष शिक्षक गरी जम्मा १० जना विद्यार्थी १ छात्र र १ छात्रा गरी जम्मा १० जना र अभिभावक समेतलाई विद्यालयको शिक्षणमा महिला शिक्षकको सहभागिताको अवस्था, व्यवस्थापन, शिक्षणमा प्रभावका आधारमा १५० जना नमूना जनसङ्ख्याको रूपमा छनौट गरी सहभागी गरिएको छ। यस अनुसन्धानमा विद्यालयको छनौट गर्दा सुगमता र दुर्गमताका साथै विद्यालयको सामाजिक, सांस्कृतिक परिवेशलाई आधार मानिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरू

अध्ययन, अनुसन्धानका क्रममा प्रयोग गरिने सूचना, प्रमाण, जानकारी तथा आँकडालाई तथ्याङ्क भनिन्छ। तथ्याङ्क प्राप्त गर्न सकिने क्षेत्र र स्थान नै तथ्याङ्क सङ्कलनको स्रोत हो। अनुसन्धानको प्रकृति र सम्भावित उपलब्धिका आधारमा त्यस्ता स्रोतहरू फरक हुन सक्छन्। खास गरी प्राथमिक र द्वितीय गरी दुईओटा स्रोतहरूलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

अनुसन्धानकर्ताद्वारा आफैँ सङ्कलन र प्रयोग गरिएका तथ्याङ्कहरू प्राथमिक स्रोत अन्तर्गत पर्दछन्। तथ्याङ्क सङ्कलन आफैँले तिनको व्याख्या  विश्लेषण र टिप्पणी गर्ने अधिकार भएकाले यस अध्ययनमा अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, स्थलगत सर्वेक्षण आदि साधनलाई प्राथमिक स्रोतका रूपमा लिएको छ। प्राथमिक तथ्याङ्क नमूना छनौट गरिएका विद्यालयमा अध्यापनरत महिला शिक्षक, प्र.अ समिति पदाधिकारीहरू, स्थलगत सर्वेक्षण विधिबाट लिइएको छ ।

### ३.३.२ द्वितीय स्रोत

अध्ययन अनुसन्धानलाई थप प्रभावकारी र उपलब्धिमूलक बनाउन पूर्व प्रकाशित तथा सङ्कलित तथ्याङ्कलाई द्वितीय स्रोत भनिन्छ। यस अनुसन्धानमा आवश्यक पर्ने तथ्य तथ्याङ्क, विभिन्न पुस्तक, लेख रचना शैक्षिक नीति नियम र तथ्याङ्कहरू, अनुसन्धानात्मक प्रतिवेदन, शोधपत्र, महिला शिक्षकसँग सम्बन्धित प्रकाशित तथा अप्रकाशित लेखहरू र विद्यालयमा रहेका विभिन्न किसिमका अभिलेख फाइलहरूबाट द्वितीय तथ्याङ्क सङ्कलन गर्ने प्रयास गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन

सूचना तथा तथ्याङ्क सङ्कलन गर्दा निर्धारण गरिएको साधन वास्तविकता र यथार्थतामा बुझ्नको लागि प्रयोगमा ल्याइने सामग्रीहरू अनुसन्धानात्मक सामग्रीहरू हुन् । अध्ययन क्षेत्रमा महिला शिक्षकको शिक्षण पेशामा हुने सहभागिताले पारेको प्रभाव र उपलब्धिबारे यथार्थ अवस्था बुझ्न अध्ययन क्षेत्रभित्रबाट विचार सङ्कलन गरी नमूना जनसङ्ख्यासँग गुणात्मक साधनहरू छलफल, अवलोकन, अन्तर्वार्ता तथा परिमाणात्मक साधनहरू बन्द र खुला प्रश्नावली, रुजु सूची लक्षित समूहसँग छलफल, सम्बन्धित दस्तावेजहरूको पुनरावलोकन आदि जस्ता अनुसन्धानका साधनहरूको प्रयोग गरिएको छ। जसको विवरण छोटकरीमा उल्लेख गरिएको छ ।

### ३.४.१ अवलोकन फाराम

अध्ययन क्षेत्रमा प्रत्यक्ष उपस्थितिको आधारमा सूक्ष्म जाँच गरी तथ्याङ्क सङ्कलन गर्ने विधि अवलोकन हो। यस विधिमा अनुसन्धानकर्ताले आफैं वा अन्य सहयोगीबाट सम्बन्धित गतिविधिहरूको र अभिलेखहरूको प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क सङ्कलन गर्ने भएकोले नतिजा भरपर्दो, विश्वसनीय, प्रामाणिक र वैध हुन्छ।

विद्यालयमा महिला शिक्षकको सहभागिताले शिक्षणमा पारेको प्रभाव र उपलब्धिस्तर शीर्षकमा रहेको यस अध्ययनले महिला शिक्षकको व्यवहार, घटना तथा परिस्थिति विस्तृत विवरण अवलोकन विधिबाट प्राप्त गर्ने प्रयास गरिएको छ । जसलाई अनुसूची ४ मा समावेश गरिएको छ ।

### ३.४.२ प्रश्नावली

शैक्षिक क्षेत्रमा गरिने अनुसन्धान प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विधिहरूमध्ये प्रश्नावली पनि एक प्रमुख विधि हो । यस अध्ययनमा नमूना छनौटमा परेका प्र.अ. महिला/पुरुष शिक्षक र विद्यार्थीहरूलाई आवश्यक सूचना लिन खुल्ला प्रश्नावली अनुसूची साधनको प्रयोग गरिने छ। अध्ययन क्षेत्रभित्रका जनसङ्ख्याका औपचारिक किसिमले सम्बन्धित पक्षसँग सुहाउँदा प्रश्नहरू तयार गरी तथ्याङ्क सङ्कलन गरिएको छ। प्रश्नावलीलाई अनुसूचीमा समावेश गरिएको छ ।

### ३.४.३ अन्तर्वार्ता सूची

सञ्चार आदान-प्रदानका माध्यमबाट अनुसन्धानका क्रममा प्राथमिक तथ्याङ्क सङ्कलन गर्ने विधिमध्ये प्रमुख विधि अन्तर्वार्ता पनि हो। मौखिक रूपमा व्यक्तिका भित्री भावना र विचारसहित आवश्यक सूचना दिने तरिकाबाट यस विधिको उपयोग गरिन्छ। यस अध्ययनमा नमूना जनसङ्ख्यामा परेका वि.व्य.स. पदाधिकारीहरू, अभिभावकहरूलाई अन्तर्वार्ता प्रश्नावलीको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ। उत्तरदातासँग आमनेसामने भएर मौखिक रूपमा प्रश्न सोधी प्राप्त उत्तरको टिपोट स्वरूप अन्तर्वार्ता अनुसूची २ मा समावेश गरिएको छ।

### ३.४.४ दस्तावेज विश्लेषण

आवश्यक सूचना तथा जानकारी प्राप्त गर्ने उद्देश्यले सम्बन्धित विद्यालयका रेकर्डहरू, विद्यालय सुधार योजना, विद्यालय तथ्याङ्क फारम, उपलब्धि मूल्याङ्कन फारामहरूबाट सूचना सङ्कलन गरिएको छ। यसबाट विद्यालयमा महिला शिक्षक र शिक्षकको अवस्था, विद्यार्थी नियमितता, शैक्षिक उपलब्धिको वर्तमान अवस्थाका बारेमा जानकारी पाइएको छ। साथै सम्बन्धित अध्ययन क्षेत्रमा प्रत्यक्ष उपस्थिति भई लक्षित समूह छलफलबाट पनि  आवश्यक सूचना प्राप्त गर्न खोजिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस अध्ययनको क्रममा तथ्याङ्क सङ्कलन गर्दा गुणात्मक र परिमाणात्मक दुवै मिश्रित अनुसन्धानका आधारमा छनौटमा परेका विद्यालयमा शोधकर्ता आफू नै उपस्थित भएर प्र.अ., शिक्षक, कर्मचारी, वि.व्य.स. पदाधिकारी, विद्यार्थीसँग छलफल, भेटवार्ता,

अनौपचारिक छलफल, अवलोकन, अन्तर्वार्ताको प्रयोग गरिएको छ । द्वितीय स्रोतको रुपमा प्रस्तावित पुनरावलोकन, अभिलेख अध्ययन, हस्तलिखित दस्तावेज, प्रकाशित तथा अप्रकाशित दस्तावेज तथा अन्य कार्यालयका अभिलेखलाई बढी प्राथमिकता दिई तथ्याङ्क सङ्कलन कार्य गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

तथ्याङ्क विश्लेषण अनुसन्धानको महत्वपूर्ण कार्य भएकाले यस अध्ययनमा विभिन्न किसिमका प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई शिलशिला मिलाई व्याख्या, विश्लेषण र विवेचना गरिएको छ । परिमाणात्मक तथ्याङ्कको आधारमा गुणात्मक तथ्याङ्कलाई विवरणात्मक र तार्किक रूपमा विश्लेषण गर्दै निष्कर्ष निकाली आवश्यक सुझाव दिई अध्ययन अनुसन्धानलाई अन्तिम रूप दिइनेछ। लक्षित समूह छलफलबाट पनि आवश्यक सूचना प्राप्त गरिएको थियो। सङ्कलित तथ्याङ्कलाई साङ्केतिकरण, वर्गीकरण, तालिकीकरण, चित्राङ्कन गरी तिनीहरूको अर्थपूर्ण विश्लेषण गरिएको छ। यस्तै गरी चार्ट, वृत्तचित्र, स्तम्भचित्र, प्रतिशत, अनुपात आदिका माध्यमबाट पनि अध्ययनको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : नतिजाको छलफल

नेपाल विश्व भूगोलको परिवेशमा सानो भए पनि कुल जनसङ्ख्या २,६४,९४,५०४ रहेको छ। जसमा महिलाको जनसङ्ख्या ५१.४९ प्रतिशत छ। विकासोन्मुख मुलकुहरूमा महिलाको शैक्षिक स्थिति कमजोर देखिएकाले नेपालमा नारी शिक्षालाई उच्च प्राथमिकता दिइएको छ तापनि अपेक्षाकृत रूपमा प्रगति हुन सकिरहेको छैन। पुरुष र र महिलाबीचमा देखिएको लैङ्गिक असमानता र विभेदको परिणाम महिलाको स्थिति कमजोर देखिएकाले राज्यले समानताको नीति अनुरूप विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। कम्तीमा प्राथमिक विद्यालयमा एकजना महिला शिक्षक अनिवार्य र छात्रालाई छात्रवृत्तिको व्यवस्थापन गर्ने प्रयास गरेको छ। शिक्षा कार्यक्रमको माध्यमबाट छात्राहरूको सहभागिता वृद्धि गर्न शैक्षिक क्षति न्यूनीकरण गर्ने, कक्षा छाड्नेलाई कमी गर्ने, नियमित बनाउने, छात्रामैत्री भौतिक पूर्वाधार, बालमैत्री शिक्षण सिकाइ जस्ता लक्ष्य राखेको पाइन्छ। उल्लेखित लक्ष्य प्राप्तिको अवस्था अध्ययन गर्नका लागि शैक्षिक क्षति न्यूनीकरण, शिक्षण सिकाइमा प्रभावकारिता, लैङ्गिक समानता, स्थपनामा महिला शिक्षकको शिक्षण पेसामा सहभागिता र व्यवस्थापन शीर्षकमा अध्ययन गरी व्याख्या र विश्लेषण गर्ने प्रयास यस परिच्छेदमा गरिएको छ।

विद्यालयमा विद्यार्थी भर्नाको तुलनामा शैक्षिक क्षति बढी भएमा अपेक्षा गरे अनुरूप उपलब्धि हासिल गर्न सकिँदैन। शैक्षिक क्षतिले शिक्षामा गरिएको लगानी खेर जान्छ। शिक्षाको गुणात्मक विकासमा समेत बाधा पुऱ्याउँछ। शैक्षिक क्षति भन्नाले कक्षा दोहोऱ्याउने दर बढी हुनु, बीचमा कक्षा छाड्नु, कक्षा अनियमितताले असफलता बढ्नु र विद्यार्थको सिकाइ उपलब्धि कम हुनु भन्ने बुझिन्छ। यसर्थ शैक्षिक क्षति न्यूनीकरण गर्दै खासगरी छात्रा भर्ना वृद्धि गर्नु, नियमितता बढाउनु, माया र स्नेह साथ शिक्षण गर्नु, बालमैत्री सिकाइ वातावरण सृजना गर्नु, डर, त्रास विना शिक्षकसँग सुमधुर सम्बन्ध गास्दै सिक्न प्रेरित गर्नु, महिला शिक्षकको शिक्षण पेसामा सहभागिता र भूमिकालाई यस अध्ययनमा मुख्य विषयवस्तु बनाई अध्ययन क्षेत्रका विद्यालयहरूबाट प्राप्त तथ्याङ्कको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

विद्यालयलाई बालबालिकाका लागि प्रिय शैक्षिक थलो बनाउन बालमैत्री बनाउन एउटा रणनीतिक योजनामा पनि महिला शिक्षकका सहभागितालाई उल्लेख्य गराई सङ्ख्या र

अनुपात वृद्धि गर्न हो। प्राथमिक शिक्षकका रूपमा महिला शिक्षकको सहभागिता बढाई उचित व्यवस्थापन गर्नु भनेको लैङ्गिक सशक्तिकरण, विभेदको न्यूनीकरण तथा सामाजिक न्यायको सिद्धान्त स्थापित गर्नु हो। जसले विश्वमा अन्य मुलकुमा जस्तै नेपालमा पनि महिला शिक्षकको विद्यालयमा प्रवेश र व्यवस्थापनले बालबालिकाको भर्नादर, नियमितता दर, शैक्षिक स्तर उन्नति साथै दिगो बालमैत्री कक्षा सञ्चालन गर्न समेत प्रत्यक्ष रूपमा सहयोग पुऱ्याउँछ।

## ४.१ अध्ययन क्षेत्रमा महिला शिक्षकको अवस्था

बालबालिकाहरूलाई उचित, सबल र जीवनोपयोगी शिक्षा प्रदान गर्नका लागि शिक्षकहरूको भूमिका महत्वपूर्ण हुने गर्छ। यसमध्ये पनि पुरुषको तुलनामा महिलाको भूमिका अझ सशक्त र प्रभावकारी हुन्छ। जसले गर्दा बालबालिकाको सिकाइ प्रक्रिया सजिलै र मनोरम/रमाइलो वातावरणमा अगाडि बढ्न सक्छ। राज्यले महिला शिक्षकको भूमिका बढाउनुलाई उनीहरूलाई सशक्त बढाउन, आयोगहरूमा आरक्षण प्रणाली विद्यालयमा नै आवासीय छात्रावासको व्यवस्था, पूर्व सेवाकालीन तालिम, शिक्षक भर्ना, छनौट र पदस्थापन, सरुवा समेतमा महिलालाई विशेष प्राथमिकता दिँदै आएको छ। यिनै प्राथमिकताको परिवेशभित्र यस अध्ययन क्षेत्रमा महिला शिक्षकको अवस्था अध्ययन गर्न प्रयास तलको तालिकाबाट गरिएको छ।


तालिका नं. १ : प्राथमिक तह (विभिन्न विद्यालयहरू) महिला शिक्षकको वर्तमान अवस्था

| क.सं. | विद्यालयको नाम | जम्मा शिक्षक | महिला शिक्षक | प्रतिशत | अनुपात | |
|---|---|---|---|---|---|---|
| | | | | | महिला | जम्मा |
| १. | श्री जनता मा.वि. | १० | ४ | ४० | ३१.२५ | |
| २. | कालिस्थान मा.वि. | ९ | ३ | ३३.३३ | ३७.३३ | |
| ३. | भिमले आधारभूत विद्यालय | ९ | ३ | ३३.३३ | ३० | |
| ४. | भानु आधारभूत विद्यालय | १० | ४ | ४० | २१..५ | |
| ५. | सरस्वती प्रा.वि. | ६ | ४ | ६६.६६ | १८.२५ | |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

माथिको तालिका अनुसार नमुना छनौटमा परेका विद्यालयहरूमध्ये सबैभन्दा बढी महिला शिक्षकहरू सरस्वती प्रा.वि.मा रहेको पाइयो । जसमा ६६.६६ प्रतिशत महिला शिक्षक रहेका छन् । त्यसैगरी श्री भीमले आधारभूत विद्यालय र कालिस्थान माध्यमिक विद्यालयमा सबैभन्दा कम महिला शिक्षकहरू रहेको पाइयो । जसमा ३३.३३ प्रतिशत मात्र महिला शिक्षकहरू रहेका छन् । यसलाई तल वृत्तचित्रमा देखाइएको छ :

चित्र नं. १ : प्राथमिक तह (विभिन्न विद्यालयहरू) महिला शिक्षकको वर्तमान अवस्था




### ४.१.१ अध्ययन क्षेत्रको विद्यार्थी तथ्याङ्क विवरणको अवस्था

सिकाइ प्राप्त गर्न र प्रमाणीकरणसहित स्तरीकृत हुन आउने बालबालिका नै विद्यार्थी हुन् । अध्ययन, अनुसन्धानको उद्देश्य अनुरूप शिक्षण पेसामा महिला शिक्षकको सहभागिता र व्यवस्थापनले शैक्षिक क्षति न्यूनीकरण गर्दै शैक्षिक अवस्थ सुधारबारे अध्ययन गर्न विद्यार्थीको भर्ना स्थिति, नियमितता, कक्षा छाड्ने दर, बालमैत्री र मायालु सिकाइ वातावरणका साथै सिकाइ उपलब्धि दरको अवस्था समेत अध्ययन गर्नुपर्ने हुन्छ । यसका लागि महिला शिक्षक शिक्षण पेसामा आबद्ध हुँदा विद्यार्थी भर्नाको अवस्थाबाट विशेष गरी छात्रा भर्ना पत्ता लगाउन सहज हुने र तिनको भर्ना अवस्थाबाट पनि विद्यालयमा महिला शिक्षकको सहभागितात्मक

अवस्था र प्रभावबारे पुष्टि गर्न सकिने हुनाले विद्यार्थी भर्नाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।


तालिका नं. २ : प्राथमिक तहमा विद्यार्थीको भर्ना अवस्था (२०७४)

| क.सं. | विद्यालय | विद्यार्थी भर्नाको अवस्था | | | प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र |
| १. | श्री जनता मा.वि. | ५० | ७५ | १२५ | ४० | ६० |
| २. | कालिस्थान मा.वि. | ५२ | ६० | ११२ | ४६.४२ | ५३.५७ |
| ३. | भिमले आधारभूत विद्यालय | ५३ | ३७ | ९० | ५८.८८ | ४१.११ |
| ४. | भानु आधारभूत विद्यालय | ४९ | ३७ | ८६ | ५६.९७ | ४३.०२ |
| ५. | सरस्वती प्रा.वि. | ४१ | ३२ | ७३ | ५६.१७ | ४३.८३ |
| | जम्मा | २४५ | २४१ | ४८६ | ५०.४१ | ४९.५८ |

स्रोतः स्थलगत सर्भेक्षण, २०७४

माथिको उल्लेखित विद्यार्थी भर्नाको विभिन्न विद्यालयको अवस्थासम्बन्धी तालिकालाई निम्नअनुसार स्तम्भ चित्रद्वारा समेत प्रस्तुत गरिएको छ ।

चित्र नं. २ : प्राथमिक तहमा विद्यार्थीको भर्ना अवस्था (२०७४)



माथिको तालिका अनुसार विद्यार्थी भर्नाको अवस्था अध्ययन गर्दा छात्रको भन्दा छात्राको भर्ना प्रतिशत बढी देखिन्छ। नमुना छनौटमा परेका पाँचवटा विद्यालयहरूमध्ये माध्यमिक तह सञ्चालन भएका विद्यालयहरूमा छात्रा ५० प्रतिशतभन्दा कम रहेको पाइयो भने अन्य विद्यालयमा ५० प्रतिशतभन्दा माथि रहेको पाइयो। छात्रा भर्नाको यो प्रतिशत जिल्ला स्तरको र राष्ट्रिय स्तरको भन्दा राम्रो छ। माथि उल्लेखित विद्यालयबाट विद्यालयको भर्ना क्षेत्रमा छात्राहरूको भर्ना दिनप्रतिदिन बढिरहेको अवस्था छ। महिला शिक्षकको विद्यमान सङ्ख्या, सहभागिता, व्यवस्थापनले र कार्यान्वयनले देखिएको यो सकारात्मक पक्षलाई अझ गुणात्मक वृद्धि गर्न शिक्षण पेसामा महिला शिक्षकको सहभागितालाई थप बढावा दिनुपर्ने देखिन्छ।

## ४.२ महिला शिक्षकको सहभागिताले सिकाइ उपलब्धिमा पारेको प्रभाव

### ४.२.१ परीक्षामा सामेल विद्यार्थीको अवस्था

परीक्षालाई मूल्याङ्कनको सशक्त र प्रभावकारी माध्यम तथा साधनको रूपमा लिइन्छ। जसबाट विद्यार्थीको सिकाइ स्तर पहिचान गर्न र सुधार गर्न सहयोग पुग्दछ। अध्ययन क्षेत्रमा प्रत्येक विद्यालयको उपलब्धि अवस्थाका बारेमा पत्ता लगाउन बाह्य र आन्तरिक दुवै प्रकारको परीक्षा गर्नुपर्दछ। जसबाट विद्यार्थीको उपलब्धि पत्ता लगाउन सकिन्छ। यसलाई तलको तालिकामा देखाइएको छ।


तालिका नं. ३ : परीक्षामा सामेल विद्यार्थीको अवस्था

| क.सं | विद्यालय | जम्मा विद्यार्थी सङ्ख्या | | | परीक्षामा सामेल सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री जनता मा.वि. | ५० | ७५ | १२५ | ४८ | ७० | ११८ | ४०.६७ | ५९.३२ | ९४.४ |
| २. | कालिस्थान मा.वि. | ५२ | ६० | ११२ | ४९ | ५९ | १०८ | ४५.३७ | ५४.६२ | ९६.४२ |
| ३. | भिमले आधारभूत विद्यालय | ५३ | ३७ | ९० | ५१ | ३४ | ८५ | ६० | ४० | ९४.४४ |
| ४. | भानु आधारभूत विद्यालय | ४९ | ३७ | ८६ | ४६ | ३५ | ८१ | ५६.७९ | ४३.२० | ९४.१८ |
| ५. | सरस्वती प्रा.वि. | ४१ | ३२ | ७३ | ४१ | ३१ | ७२ | ५६.९४ | ४३.०५ | ९८.६३ |
| | जम्मा | २४५ | २४१ | ४८६ | २३५ | २२९ | ४६४ | ५०.६४ | ४९.३५ | ९५.४७ |

*स्रोत: स्थलगत अध्ययन, २०७४*

उल्लेखित तालिकामा देखाइएको परीक्षामा सामेल विद्यार्थीको विवरणलाई यसप्रकार स्तस्भचित्रको माध्यमबाट समेत प्रस्तुत गरिएको छ ।

चित्र नं. ३ : परीक्षामा सामेल विद्यार्थीको अवस्था




अध्ययन क्षेत्रको विद्यार्थी भर्नाको अवस्थालाई हेर्दा छात्राको भर्ना अवस्था ५०% प्रतिशतभन्दा बढी भएकाले छात्रको भर्ना भन्दा तुलनात्मक रूपमा राम्रो देखिए अनुरूप नै परीक्षामा सामेलको अवस्थामा समेत छात्राहरूको प्रतिशत नै बढी देखिनुले शिक्षण पेसामा महिला शिक्षकको सहभागितामा क्रमशः वृद्धि हुँदै गएको र बालमैत्री शिक्षण सिकाइको सामान्य सङ्केत देखिँदै गएको पुष्टि गर्न सकिन्छ । यो अवस्थालाई अझ सुधार गर्न अझ व्यवस्थित रूपबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने जरुरी छ ।

### ४.२.२ अध्ययन क्षेत्रका विद्यार्थीको उत्तीर्ण अवस्था (सिकाइ उपलब्धि)

नमुना छनौटमा परेका विद्यालयका विद्यार्थीहरूको सिकाइ उपलब्धिको अवस्थालाई तलको तालिकामा देखाइएको छ ।


तालिका नं. ४ : अध्ययन क्षेत्रका विद्यार्थीहरूको उत्तीर्ण अवस्था

| क.सं | विद्यालय | परीक्षामा सामेल | | | उत्तीर्ण जम्मा सङ्ख्या | | | उत्तीर्ण प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री जनता मा.वि. | ४८ | ७० | ११८ | ३४ | ६५ | ९९ | ७०.८२३ | ९२.८५ | ८३.८५ |
| २. | कालिस्थान मा.वि. | ४९ | ५९ | १०८ | ३८ | ५४ | ९२ | ७७.५५ | ९१.५२ | ८५.१८ |
| ३. | भिमले आधारभूत विद्यालय | ५१ | ३४ | ८५ | ४६ | २९ | ७५ | ९०.१९ | ८५.२९ | ८८.२३ |
| ४. | भानु आधारभूत विद्यालय | ४६ | ३५ | ८१ | ३९ | ३१ | ७० | ८४.७८ | ८८.५७ | ८६.४१ |
| ५. | सरस्वती प्रा.वि. | ४१ | ३१ | ७२ | ३७ | २८ | ६५ | ९०.२४ | ९०.३२ | ९०.२७ |
| | जम्मा | २३५ | २२९ | ४६४ | १९४ | २०७ | ४०१ | ८२.५५ | ९०.३९ | ८६.४२ |

*स्रोत: स्थलगत अध्ययन, २०७४*

उल्लेखित अध्ययन क्षेत्रका विद्यार्थीहरूको उत्तीर्ण अवस्थालाई निम्नअनुसार चित्रमा समेत प्रस्तुत गरिएको छ ।

चित्र नं. ४ : अध्ययन क्षेत्रका विद्यार्थीहरूको उत्तीर्ण अवस्था



प्रस्तुत तालिका र चित्रलाई अध्ययन तथा विश्लेषण गरी हेर्दा अध्ययन क्षेत्रका परीक्षामा सामेल विद्यार्थीहरूमध्ये छात्राहरू बढी सहभागी भएको देखिए पनि उत्तीर्ण प्रतिशत भने छात्रहरूको ९०.३९ प्रतिशत र छात्राको ८२.५५ प्रतिशत मात्र हुनुले छात्राहरूको सिकाइस्तर तुलनात्मक रूपमा कमजोर देखिन जान्छ। विद्यालयगत रूपमा हेर्दा भने भीमले आधारभूत विद्यालयका छात्राहरूको उत्तीर्ण प्रतिशत ९०.१९ छात्रहरूको ८५.२९ प्रतिशत भएकाले छात्राहरूको अवस्था राम्रो देखिएको छ। समग्रमा छात्राहरू कमजोर देखिनुमा बीचैमा कक्षा छाड्ने, अनियमित हुने र परीक्षामा सामेल हुन नखोज्ने जस्ता प्रवृत्तिहरू नै हुन भन्न सकिन्छ। तसर्थ विद्यालयलाई छात्रामैत्री र सिकाइमैत्री बनाउन महिला शिक्षकको व्यवस्थापनमा ध्यान दिन जरुरी देखिन्छ।

### ४.२.३ अध्ययन क्षेत्रका विद्यालयहरूको औसत उपलब्धि अङ्क

सम्बन्धित क्षेत्रका विद्यालयहरूको औसत उपलब्धि अङ्कको आधारमा पनि शैक्षिक गुणस्तरको अवस्था पहिचान गर्न सकिन्छ। विशेष गरी महिला शिक्षकहरूको सहभागिताले बालबालिकाहरूको अनिवार्य विषयमा प्राप्त नतिजाबारे विश्लेषण गरी पृष्ठपोषण प्रदान गर्न सजिलो हुन्छ। अध्ययन क्षेत्रको विषयगत औसत उपलब्धि पत्ता लगाउन प्राथमिक तहको अनिवार्य विषयलाई आधार मानिएको छ। वार्षिक परीक्षामा सम्मिलित भएका प्रत्येक विद्यार्थीले प्राप्त गरेको औसत प्राप्ताङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५ : विषयगत शैक्षिक उपलब्धि २०७४

| क्र.सं. | विद्यालय | नेपाली | अङ्ग्रेजी | गणित | सामाजिक | विज्ञान तथा वातावरण |
|---|---|---|---|---|---|---|
| | | जम्मा | जम्मा | जम्मा | जम्मा | जम्मा |
| १. | श्री जनता मा.वि. | ५२.७ | ४७.९ | ४५.८ | ५८.२३ | ५३.५ |
| २. | कालिस्थान मा.वि. | ४८.२५ | ४९.३६ | ५१.९१ | ३९.७८ | ३४.२९ |
| ३. | भिमले आधारभूत वि. | ६५.७३ | ६२.६९ | ४७.६४ | ५९.७१ | ४३.७४ |
| ४. | भानु आधारभूत वि. | ७६.२७ | ७९.४१ | ४६.०० | ४८.९२ | ६१.१९ |
| ५. | सरस्वती प्रा.वि. | ६८.७८ | ७८.३७ | ५८.०७ | ५४.७६ | ३३.०० |
| | जम्मा | ६२.३४ | ६३.५४ | ४९.८८ | ५२.२८ | ४५.१४ |

स्रोतः विद्यार्थी तथ्याङ्क विवरण, २०७४

माथिको तालिकालाई अध्ययन गर्दा अङ्ग्रेजी र नेपाली विषयमा सबैभन्दा राम्रो औसत अङ्क प्राप्त भएको पाइयो । समग्र औसत उपलब्धि अङ्क अध्ययन गर्दा नेपाली, अङ्ग्रेजी र सामाजिक विषयमा औसत प्राप्ताङ्क ५० प्रतिशतभन्दा राम्रो भएको पाइन्छ भने गणित र विज्ञान तथा वातावरण विषयमा भने ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क देखिएकाले यी विषयहरूमा विशेष गरी विद्यालयहरूले योजना बनाई अतिरिक्त कक्षाहरू सञ्चालन गरी गुणस्तर वृद्धिमा ध्यान दिन जरुरी छ ।


तालिका नं. ६ : प्राथमिक तहको शैक्षिक उपलब्धि

| क.सं. | विद्यालय | तहगत शैक्षिक उपलब्धि | | | |
|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | कैफियत |
| १. | श्री जनता मा.वि. | ४८.७ | ५१.७८ | ५०.२४ | |
| २. | कालिस्थान मा.वि. | ४६.५ | ४३.७९ | ४५.१४ | |
| ३. | भिमले आधारभूत विद्यालय | ५६.०० | ५२.४७ | ५४.२३ | |
| ४. | भानु आधारभूत विद्यालय | ४८.३१ | ३९.१३ | ४३.७२ | |
| ५. | सरस्वती प्रा.वि. | ७६.४३ | ७०.८७ | ७३.६५ | |
| | जम्मा | ५५.१८ | ५१.६० | ५३.३९ | |

*स्रोत: विद्यार्थी तथ्याङ्क विवरण, २०७४*

माथिको तालिकालाई निम्नअनुसार चित्रबाट समेत देखाइएको छ ।

चित्र नं. ५ : प्राथमिक तहको शैक्षिक उपलब्धि



अध्ययन क्षेत्रका प्राथमिक तहका विद्यालयहरूको औसत शैक्षिक उपलब्धि के कस्तो अवस्थामा छ भनी माथिको तालिकामा प्रस्तुत गरिएको छ। यसलाई अनुसूचीमा देखाइएको छ।

माथिको तालिकालाई अध्ययन, विश्लेषण गरी हेर्दा सरस्वती प्रा.वि.को तहगत औसत उपलब्धि बढी भएको पाइयो। सबभन्दा कम भने भानु आधारभूत विद्यालयमा रहेको पाइयो। यसैगरी औसत तहगत उपलब्धि अङ्क भने छात्राको ५५.१८ र छात्रको ५१.६० देखिएकाले छात्रको तुलनामा छात्राको बढी नै रहेको पाइयो। कालिस्थान मा.वि. र भानु आधारभूत विद्यालयको अङ्क ५० प्रतिशतभन्दा धेरै कम रहेकाले यी विद्यालयहरूले विशेष योजनासहित कार्यक्रम सञ्चालन गरी औसत उपलब्धि अङ्क वृद्धि गर्नुपर्ने देखिन्छ।

### ४.२.४ विषयको तुलनात्मक शैक्षिक उपलब्धि

महिला शिक्षकले पनि पुरुष शिक्षकले सरह र सोभन्दा राम्रो तरिकाले अध्यापन गर्न सक्छन्। शैक्षिक गुणस्तर वृद्धिमा भूमिका निर्वाह गर्न सक्छन्। महिला शिक्षकहरूले अध्यापन गरेको विषयको आधारमा सिकाइ उपलब्धिमा कस्तो प्रभाव परेको छ। सोको बारेमा विद्यालयगत रूपमा महिला र पुरुष शिक्षकबीचको तुलनात्मक शैक्षिक उपलब्धि विवरण तल तालिकामा उल्लेख गरिएको छ। यसर्थ, नमुना छनौटमा परेका विभिन्न ५ वटा विद्यालयको उपलब्धि अङ्कको विश्लेषण गर्दा अधिकांश विद्यालयमा महिला शिक्षकद्वारा अध्यापन गरिएका विषयमा पुरुष शिक्षकको तुलनामा उपलब्धि अङ्क बढी र राम्रो देखिएकाले शिक्षण पेसामा महिला शिक्षकको सहभागिता र व्यवस्थापनले सिकाई उपलब्धिमा सकारात्मक र दूरगामी प्रभाव पर्दोरहेछ भन्ने निष्कर्ष दिन सकिन्छ।

तालिका नं. ७ : उपलब्धिको तुलनात्मक विवरण (महिला र पुरुष शिक्षकबीच)

| क्र.सं. | विद्यालय | नेपाली | | अङ्ग्रेजी | | गणित | | सामाजिक | | विज्ञान तथा वातावरण | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १. | श्री जनता मा.वि. | ४८.७८ | ४६.९३ | ४७.९ | ४९.२७ | - | ३८.९५ | ५७.७९ | ५३.८७ | ४७.३१ | ४६.४२२ |
| २. | कालिस्थान मा.वि. | ६१.९८ | - | ५१.६ | ५०.८९ | ५८.१४ | ४७.२१ | ३९.६४ | ४१.२७ | ३७.४७ | ३९.७२ |
| ३. | भिमले आधारभूत विद्यालय | ५४.६९ | ५१.२९ | ५३.३ | ५७.२३ | ६७.२७ | - | ४७.७९ | ४५.१८ | ४४.४३ | ४१.१८ |
| ४. | भानु आधारभूत विद्यालय | ७१.२८ | ६८.६४ | ७०.१ | - | ६९.१५ | ६१.२९ | ६७.१७ | ६५.७४ | ५९.८३ | - |
| ५. | सरस्वती प्रा.वि. | ७४.३७ | ७१.२७ | ७१.२३ | ७९.४३ | ७१.२६ | ६७.७९ | ५६.४९ | - | ६३.७२ | ६०.२७ |
| | जम्मा औसत | ६२.२२ | ५९.५३ | ५८.८२ | ५९.२० | ७६.६० | ५३.८१ | ५३.७७ | ५१.५१ | ५०.५५ | ४६.८९ |

स्रोतः विद्यालय अभिलेख, २०७४

माथिको तालिकाले महिला र पुरुष शिक्षकले विभिन्न ५ वटा नमुना विद्यालयमा अध्यापन गर्दाको विषयगत उपलब्धिलाई दर्शाएको छ। अध्ययन क्षेत्रका सबै विद्यालयको विषयगत सिकाइ उपलब्धिलाई महिला र पुरुष शिक्षकको बीचमा तुलना गर्दा कक्षा १ देखि ५ सम्म नै अङ्ग्रेजी विषय बाहेक अन्य सबै विषयमा महिला शिक्षकको उपलब्धि राम्रो देखिन्छ। यस अवस्थाले पनि प्राथमिक तहमा खासगरी पुरुष शिक्षकभन्दा महिला शिक्षक अध्यापनको सवालमा अब्बल देखिएकाले शिक्षण पेसामा महिला शिक्षकको सहभागितामा अझ वृद्धि गरी व्यवस्थापन गर्नुपर्ने नीति सरकारले अवलम्बन गर्नुपर्ने आवश्यकता छ। कम्तीमा १ जना महिला शिक्षक भन्नुको सट्टा उल्लेख्य रूपमा महिला शिक्षकको प्रवेशलाई बढावा दिनुपर्ने देखिन्छ।

## ४.३ शैक्षिक सुधारका लागि महिला शिक्षकको भूमिका

शैक्षिक गुणस्तर कायम राख्दै वृद्धिको प्रयास गर्न विद्यालयको मुख्य भूमिका रहन्छ। विद्यालयको शैक्षिक सुधारका लागि प्रभाव पार्ने महत्वपूर्ण पक्ष भनेको आन्तरिक दक्षताको आधार हो। विद्यालयको आन्तरिक दक्षता पहिचान गरी आवश्यक कदम चाल्नका लागि शैक्षिक क्षतिको अवस्था अध्ययन गर्नुपर्ने हुन्छ। शैक्षिक क्षतिको मूल आधार भनेको कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर बढी हुनु हो। यसै सिलसिलामा महिला शिक्षकले छात्राहरूलाई नियमित गराउन, अभिभावकबाट सरसल्लाह तथा सहयोग प्राप्त गर्न, बालबालिकालाई मातृत्व प्रेम दिन, रमाइलो वातावरणमा शिक्षण गर्न र विशेष गरी बालमैत्री वातवारण सिर्जना गरेर शैक्षिक क्षति घटाउन महिला शिक्षकको उल्लेख्य भूमिका रहन जान्छ। यस क्रममा अध्ययन क्षेत्रका विद्यालयको कक्षा छाड्ने र कक्षा दोहोऱ्याउने दरको अवस्था अध्ययन गरी शैक्षिक क्षति पत्ता लगाउने प्रयास गरिएको छ।

### ४.३.१ अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण

अध्ययन क्षेत्रमा विद्यालयहरूमा भएका शैक्षिक क्षतिअन्तर्गत कक्षा छाड्ने विद्यार्थीहरूको अवस्था अध्ययन गर्दा निम्नअनुसार पाइयो। जसलाई तालिकामा राखिएको छ।


तालिका नं. ८ : अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण

| क.सं | विद्यालय | भर्ना २०७४ को सङ्ख्या | | | कक्षा छाड्ने सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री जनता मा.वि. | ५० | ५५ | १२५ | १० | ७ | १७ | ८ | ५.६ | १३.६ |
| २. | कालिस्थान मा.वि. | ५२ | ६० | ११२ | ८ | ४ | १२ | ७.१४ | ३.५७ | १०.७१ |
| ३. | भिमले आधारभूत विद्यालय | ५३ | ३७ | ९० | ९ | १२ | २१ | १०.०० | १३.३३ | २३.३३ |
| ४. | भानु आधारभूत विद्यालय | ४९ | ३७ | ८६ | ७ | ४ | ११ | ८.१३ | ४.६५ | १२.७८ |
| ५. | सरस्वती प्रा.वि. | ४१ | ३२ | ७३ | ६ | ३ | ९ | ८.२१ | ४.१० | १२.३१ |
| | जम्मा | २४५ | २४१ | ४८६ | ४० | ३० | ७० | ८.२३ | ६.१७ | १४.४० |

*स्रोत: विद्यार्थी तथ्याङ्क विवरण, २०७४*

माथिको तालिकालाई चित्रमा देखाइएको छ ।

चित्र नं. ६ : अध्ययन क्षेत्रमा कक्षा छाड्ने विद्यार्थीको विवरण



प्रस्तुत तालिका तथा चित्रको आधारमा अध्ययन क्षेत्रको विद्यालयको औसत कक्षा छाड्ने दर सबैभन्दा बढी भीमले आधारभूत विद्यालयको २३.३३ प्रतिशत र कालिस्थान मा.वि.को सबभन्दा कम १०.७१ रहेको पाइयो। समग्रमा विद्यालयको औसत कक्षा छाड्ने दर जिल्लास्तर र राष्ट्रिय स्तरको भन्दा बढी छ। शैक्षिक क्षतिको महत्वपूर्ण पक्ष भनेको कक्षा छाड्ने दर हो। महिला शिक्षकको शिक्षण पेसामा उपस्थिति कम भएको र विद्यमान शिक्षकको नियमित उपस्थिति रहँदा रहँदै पनि छात्रको (६.१७ प्रतिशत) भन्दा छात्राको कक्षा छाड्ने दर (८.२३ प्रतिशत) बढी हुनाले स्वभाविक रूपमा महिला शिक्षकको पेसामा उल्लेख्य सहभागिता हुन नसक्नु र महिला शिक्षक, छात्रा नियमितता, सम्बन्ध विस्तारबीच सामन्जस्यता नभएको पाइयो। महिला शिक्षकको सङ्ख्या वृद्धि र व्यवस्थापनमा राज्यले प्रभावकारी कदम चालनुपर्ने देखिन्छ।

### ४.३.२ कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरणात्मक अवस्था

परीक्षा मूल्याङ्कनको महत्वपूर्ण साधन हो। परीक्षामा असफल भएका विद्यार्थीहरूमध्ये कसै कसैले आफ्नो अध्ययन र विद्यालयलाई छाड्छन् भने कसैले अनुत्तीर्ण भएको कक्षा दोहोऱ्याउने गर्दछन्। विद्यालय छोड्नु र कक्षा दोहोऱ्याउनुलाई शिक्षामा भएको लगानीको क्षतिको रूपमा लिने गरिन्छ। अध्ययन क्षेत्रमा कक्षा दोहोऱ्याउने अवस्थाको विवरणलाई तलको तालिकाद्वारा प्रस्तुत गरिएको छ।  अध्ययन क्षेत्रका विद्यालयमा कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको अवस्था अध्ययन गर्दा निम्नअनुसार पाइयो। जसलाई तलको तालिकामा राखिएको छ।

तालिका नं. ९ : कक्षा दोऱ्याउने विद्यार्थीको विवरणात्मक अवस्था

| क.सं | विद्यालय | भर्ना २०७५ को संख्या | | | कक्षा दोहोऱ्याउने | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | श्री जनता मा.वि. | ४८ | ७३ | १२१ | ६ | २ | ८ | ४.९५ | १.६५ | ६.६ |
| २. | कालिस्थान मा.वि. | ५२ | ५८ | ११० | ४ | ५ | ९ | ३.६३ | ४.५४ | ८.१७ |
| ३. | भिमले आधारभूत विद्यालय | ५१ | ३५ | ८६ | ३ | ६ | ९ | ३.४८ | ६.९७ | १०.४५ |
| ४. | भानु आधारभूत विद्यालय | ४८ | ३६ | ८४ | २ | ५ | ७ | २.३८ | ५.९५ | ८.३३ |
| ५. | सरस्वती प्रा.वि. | ४० | २९ | ६९ | ३ | ३ | ६ | ४..३४ | ४.३४ | ८.६८ |
| | जम्मा औसत | २३९ | २३१ | ४७० | १८ | २१ | ३९ | ३.८२ | ४.४६ | ८.२९ |

*स्रोत: विद्यार्थी तथ्याङ्क विवरण, २०७५*

माथिको तालिकाको आधारमा अध्ययन क्षेत्रका विद्यालयमा छात्रा विद्यार्थीहरूको औसत कक्षा दोहोऱ्याउने दर छात्रहरूको भन्दा कम भएकोबाट वास्तममा महिला शिक्षकको कारण छात्रमैत्री शिक्षण सिकाइको प्रभाव रहेको भन्न सकिन्छ। कक्षा दोहोऱ्याउने दर पनि जिल्ला स्तर र राष्ट्रिय स्तरको भन्दा केही बढी देखिन गएकाले सकभर विद्यालयहरूले शैक्षिक सुधारमा आवश्यक पहल गरी अनुतीर्ण दर घटाउन अतिरिक्त कक्षा सञ्चालन सहित महिला शिक्षकको व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ।

## ४.४ महिला शिक्षकका समस्या न्यूनीकरण गर्ने उपायहरू

### ४.४.१ महिला शिक्षकको शिक्षणप्रति विद्यार्थीको धारणा

शिक्षण सिकाइ गतिविधिको औचित्य विद्यार्थीहरूको सिकाई अवस्थाले पुष्टि गर्दछ। महिला शिक्षकको शिक्षण सिकाइको सिलसिलामा देखा पर्ने विभिन्न समस्याहरू र तिनको न्यूनीकरणका सम्बन्धमा विद्यार्थीहरूले देखाउने प्रतिक्रिया र व्यक्त धारणा बुझ्नका लागि तयार गरिएको प्रश्नावलीका आधारमा प्राप्त तथ्यगत अवस्थालाई निम्नअनुसार प्रस्तुत गरिएको छ। प्रश्नावलीका माध्यमबाट छलफल गरी महिला शिक्षकप्रति विद्यार्थीले सकारात्मक वा नकारात्मक के कस्तो प्रतिक्रिया र धारणा दिए भन्ने तथ्यलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

तालिका नं. १० : महिला शिक्षकको शिक्षणप्रति विद्यार्थीको धारणा

| क्र. सं. | विवरण | सम्मिलित विद्यार्थी सङ्ख्या | प्रतिक्रिया दिने विद्यार्थी सङ्ख्या | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | | हो | होइन | |
| १. | कक्षाकोठामा नियमित शिक्षण गर्ने | १० | ८ | २ | ८०.०० |
| २. | विद्यार्थीप्रति माया, स्नेह, ममता बढी राख्ने | १० | ७ | ३ | ७०.०० |
| ३. | कक्षाकार्य नियमित गराउने | १० | ६ | ४ | ६०.०० |
| ४. | अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने | १० | ७ | ३ | ७०.०० |
| ५. | विद्यार्थीको समस्या बुझी समाधान गर्ने | १० | ६ | ४ | ६०.०० |
| ६. | छात्राहरूको शारीरिक समस्या बुझी सहयोग गर्ने | १० | ८ | २ | ८०.०० |
| ७. | पाठ्यपुस्तक मात्र प्रयोग गरी शिक्षण गर्ने | १० | ३ | ७ | ३०.०० |
| ८. | पाठ्यपुस्तक र अन्य सामग्री प्रयोग गरिएको | १० | ७ | ३ | ७०.०० |
| ९. | समस्या राख्न सजिलो हुने | १० | ६ | ४ | ६०.०० |
| १०. | सिकाइको विभिन्न तरिकाले मूल्याङ्कन गर्ने | १० | ४ | ६ | ४०.०० |
| ११. | सरसल्लाह र परामर्श दिने | १० | ७ | ३ | ७०.०० |
| १२. | गृहकार्य परीक्षण कहिलेकाँही मात्र गर्ने | १० | २ | ८ | २०.०० |
| १३. | कक्षामा मायालु व्यवहार र रमाइलो वातावरण सृजना गर्ने | १० | ८ | २ | ८०.०० |
| १४. | महिला शिक्षकको शिक्षण प्रभावकारी हुन्छ | १० | ६ | ४ | ६०.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

माथि उल्लेखित तालिकाले महिला शिक्षकको शिक्षण सिकाइ गतिविधिलाई विद्यार्थीले कसरी मूल्याङ्कन गरेका रहेछन् भन्ने कुराको जानकारी गराउँछ। शिक्षकप्रति विद्यार्थीको धारणामा प्राप्त प्रतिशतलाई आधारमान्दा करिब १४ वटा सूचकहरूमध्ये प्रायः सबैमा महिला शिक्षण सिकाइप्रति बढी लगनशील र समर्पित भएको पाइयो। विद्यार्थीहरू पनि महिला शिक्षकसँग नजिक हुने, दोहोरो माया, ममता र स्नेह हुने, उनीहरूका सिकाइ तथा अन्य समस्या समाधान गर्न सजिलो हुनुका साथै रमाइलो वातावरणमा पढाइ हुने र शिक्षण प्रभावकारी भन्ने कुरा देखिन आयो तर पनि महिला शिक्षकले विद्यार्थीको सिकाइको विभिन्न तरिकाले मूल्याङ्कन गर्ने पक्ष र गृहकार्य परीक्षणमा पनि उनीहरूको केही कमजोरी देखिएकाले यस पक्षमा सुधार गर्न प्रभावकारी मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्ने देखिन्छ। यस सम्बन्धी प्रश्नावली अनुसूची १ मा दिइएको छ।

### ४.४.२ महिला शिक्षकको शिक्षण पेसामा भूमिकाप्रति प्र.अ.को धारणा

महिला शिक्षक स्वभाविक रूपमा नम्र, भावुक, लगनशील र पेसाप्रति बढी समर्पित देखिन्छन्। महिला शिक्षकको शिक्षण पेसामा प्रभावकारिताबारेमा अध्ययन अनुसन्धान गर्न प्रधानाध्यापकसँग पनि छलफल चलाइएको थियो। उनीहरूको धारणालाई यस प्रकार उल्लेख गरिएको छ :

तालिका नं. ११ : महिला शिक्षकको शिक्षणमा प्रभावबारे प्र.अ.को धारणा

| क्र.सं. | विवरण | जम्मा | धारणा व्यक्त गर्ने प्र.अ. सख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | कक्षामा नियमितता | ५ | ४ | ८० |
| २. | प्रभावकारी शिक्षण सिकाइ | ५ | ४ | ८० |
| ३. | बालबालिकासँग स्नेहपूर्ण व्यवहार | ५ | ५ | १०० |
| ४. | छात्रा भर्नाको प्रभाव | ५ | ४ | ८० |
| ५. | बालमैत्री र रमाइलो वातावरणमा सिकाई | ५ | ५ | १०० |
| ६. | समुदायसँगको सम्बन्ध विस्तार | ५ | ३ | ६० |
| ७. | सिकाइ उपलब्धिको स्थिति | ५ | ४ | ८० |
| ८. | छात्रा समस्या समाधान र परामर्श | ५ | ५ | १०० |
| ९. | समन्वय र सरसहयोग | ५ | ४ | ६० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७४

तालिकामा विभिन्न सूचक राखी महिला शिक्षकको शिक्षणमा भूमिका र प्रभाव सम्बन्धमा अध्ययन क्षेत्रका प्रधानाध्यापहरूको धारणा प्राप्त गर्दा महिला शिक्षकप्रति सकारात्मक भएको पाइयो। यसबाट विद्यालयमा महिला शिक्षकको पेसामा सहभागिता र व्यवस्थापनले सकारात्मक भूमिका खेलेको रहेछ भन्ने कुरा पुष्टि हुन आउँछ तर पनि महिला शिक्षकले समुदायसँग सम्बन्ध सुधार र विस्तार गर्ने सवालमा कमजोर र विद्यालयको व्यवस्थापकीय कार्यमा सरिक गराउन कठिन रहेको हुनाले यसतर्फ पनि उनीहरू सचेत रहनुपर्ने र विद्यालयको चौतर्फी विकासमा अग्रसर रहनुपर्ने भन्ने धारणा प्रधानाध्यापकहरूको रहेको पाइयो। यस सम्बन्धी प्रश्नावली अनुसूची ५ मा दिइएको छ।

### ४.४.३ महिला शिक्षकको शिक्षण सहभागितामा व्यवस्थापन समितिका अध्यक्षको धारणा

महिला शिक्षकको शिक्षण पेसामा भएको सहभागिता र भूमिकाको प्रभाव सम्बन्धमा बुझ्न अध्ययन क्षेत्रका ५ वटा विद्यालयका व्यवस्थापन समिति अध्यक्षहरूसँग छलफल गरिएको थियो। सोको संक्षिप्त विवरण निम्नअनुसार छ।

तालिका नं. १२ : महिला शिक्षकको शिक्षण व्यवहारमा वि.व्य.स. अध्यक्षको धारणा

| क.सं. | विवरण | जम्मा | अध्यक्ष सङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | पेशागत लगनशीलता | ५ | ४ | ८० |
| २. | नम्रता र सहनशीलता | ५ | ५ | १०० |
| ३. | व्यवस्थापनमा सक्रिय भूमिका | ५ | ४ | ८० |
| ४. | सरसहयोग, समन्वय र सम्बन्ध विस्तार | ५ | ४ | ८० |
| ५. | शिक्षणमा पारेको सकारात्मक प्रभाव | ५ | ५ | १०० |
| ६. | बालबालिकाको भावना बुझी समस्या समाधान | ५ | ५ | १०० |
| ७. | पेसामा सहभागिताका लागि प्राथमिकता दिनुपर्ने (नियुक्त र अन्य सेवा सुविधामा) | ५ | ५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०७४

तालिकामा उल्लेखित विवरणहरूलाई आधार मानी महिला शिक्षकको शिक्षण पेसामा हुने भूमिकाबारे अध्ययन क्षेत्रका विद्यालयका वि.व्य.सं. अध्यक्षहरूको धारणा प्राप्त गर्दा सकारात्मक छ। नम्र भाषाशैली, सहनशील र लगनशील, बालमैत्री शिक्षण सिकाइ, सरसहयोग र सम्बन्ध बिस्तारले शिक्षणमा सकारात्मक प्रभाव पारेको र पेसामा व्यवस्थापनसहितको सहभागिता बढाउनुपर्छ भन्ने धारणा व्यक्त भयो तर पनि शिक्षणमा

आइपर्ने सामान्य समस्याप्रति अनावश्यक चिन्ता लिने, धरायसी कुरामा समय बिताउने र नविनतम ज्ञानको खोजी र सिकाइमा बेवास्ता गरी प्रविधि निकट भई शिक्षण गर्न गाह्रो मान्ने हुनाले यसप्रति सचेत भई प्रविधि मैत्री कक्षा सञ्चालनमा व्यवस्थापन पक्षसँग सहकार्य गर्नुपर्ने देखिन्छ। अध्ययन क्षेत्रमा पुरुष शिक्षकको बाहुल्याता के कारणले भएको भन्ने सन्दर्भमा महिलाहरू बढी घरपायक र सुगम स्थान छनौट गरी जाने र प्राथमिक तहमा विद्यार्थीहरूको सङ्ख्या न्युन हुँदै गएकाले क्रमशः शिक्षक दरबन्दी कटौती हुँदा तल्लो श्रेणीका आधारमा महिला शिक्षक नै सरुवा हुनु परेको पाइयो। यस सम्बन्धी प्रश्नावली अनुसूची ३ मा दिइएको छ।

### ४.४.४ समुदायसँग सहकार्य र सम्बन्ध बिस्तार

विद्यालयको सर्वाङ्गीण विकासमा अभिभावक र समुदायको भूमिका महत्त्वपूर्ण रहन्छ। अध्ययन क्षेत्रका विद्यालयले विभिन्न समयमा आयोजना गरेका कार्यक्रमहरू अभिभावक भेला, आमा भेला, पूर्व विद्यार्थी भेलाका अन्तरक्रियामा महिला शिक्षकहरूको सक्रिय सहभागिता हुने र सल्लाह सुझाव लिने दिने गरेको पाइयो। यसैगरी विद्यार्थी भर्ना, घरदैलो अभियान तथा चेतनामूलक कार्यक्रम सञ्चालन गरेको पाइयो। विद्यार्थीलाई अतिरिक्त क्रियाकलाप गराउने, अभिभावकलाई वार्षिकोत्सवका कार्यक्रममा सहभागिताको अवसर दिने, उपलब्धि अनुसार पुरस्कार प्रदान गर्ने र हौसला, प्रोत्साहन दिएर अभिभावकसँग सम्बन्ध सुधार तथा बिस्तार गरेको पाइयो। यसैगरी शिक्षामा गुणात्मक वृद्धि ल्याउन विद्यालयका हरेक समस्याहरूमा समुदायलाई साथ सहयोग माग्ने, क्षति कम गर्न ( कक्षा छाड्ने दर र दोहोऱ्याउने दर), स्वागत कार्यक्रम सञ्चालन गर्ने कार्य समेतमा महिला शिक्षकहरू सक्रिय रहेको पाइयो। विद्यालयमा छात्रा भर्नादर वृद्धि, नियमितता, बालमैत्री तथा रमाइलो वातावरणमा शिक्षण सिकाइ गरेर आफूलाई नमुनाको रूपमा उभ्याइरहेको र भावी दिनमा यी बालबालिकाहरू पनि उदाहरणीय बन्न सक्छन् भन्ने कुरा अभिभावक समक्ष राख्ने गरेको पाइयो। विद्यालयका बालबालिकाको बालक्लब तथा जुनियर रेडक्रस सर्कल सञ्चालन, भित्तेपत्रिका लेखन कार्यमा सहयोग आदिमा समेत महिला शिक्षकको क्रियाशीलता रहेको पाइयो।

अतः महिला शिक्षकले शिक्षण पेसाको मर्यादालाई अरु बढी उचाइमा पुऱ्याउन सक्रियतापूर्वक कार्य गरेर सरोकारवालाको विश्वास जिती लैङ्गिक विभेदको अन्त्यसहित पेसा र महिला शिक्षकलाई हेर्ने दृष्टिकोणमा आमूल परिवर्तन ल्याउने प्रयास गर्नुपर्छ।

# परिच्छेद पाँच : निष्कर्ष र कार्यान्वयन/सिफारिस

## ५.१ निष्कर्ष

वस्तुनिष्ठ भएर तथ्यहरुको गहिराइसम्म अध्ययन गर्न अनुसन्धानात्मक कार्यको विशेष महत्व रहन्छ । शोध अध्ययनका क्रममा शोध अध्ययनकर्ताको हैसियतले सामुदायिक विद्यालयमा शिक्षण सिकाइमा प्रभावकारी बनाइ शैक्षिक क्षति न्यूनीकरण, महिला शिक्षकको सहभागिता र व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान तथा विश्लेषणबाट प्राप्त भएका उलब्धिहरुलाई यहाँ निष्कर्षको रुपमा राखिएको छ । अध्ययन क्षेत्रलाई निश्चित र सीमित गरी समय, साधन र स्रोतको सामाञ्जस्यताबाट सानो क्षेत्रलाई आधार मानी क्षेत्रीय शिक्षा विकासको क्षेत्रीय रुपमा मार्गदर्शन हुने र केही हदसम्म राष्ट्रिय परिवेशलाई प्रतिनिधित्व हुने गरी शोध अध्ययन कार्यलाई अघि बढाइएको छ ।

अध्ययन क्षेत्रका विद्यालयमा विद्यमान महिला शिक्षकहरुले अभिभावक भेला, आमा भेला, घर दैलो अभियान, आगन्तुक विद्यार्थीका लागि स्वागत कार्यक्रम, लैङ्गिक तथा सामाजिक चेतनाका कार्यक्रम, विशेष गरी छात्रा भर्ना र नियमितता, छलफल तथा अन्तरक्रिया जस्ता कार्यक्रमहरुमा सक्रियताका साथ नेतृत्वदायी भूमिका निर्वाह गरेको पाइयो । तर पनि शैक्षिक गुणस्तर विकासमा अपेक्षाकृत प्रगति नदेखिएकाले आम शिक्षकस्टाफ तथा अभिभावक वर्गबाट महिला शिक्षकको सहभागितालाई अझ सुरक्षित,सशक्त, फराकिलो बनाई नेतृत्वदायी भूमिकामा थप सहयोग पुऱ्याउनु पर्छ ।

अध्ययन अनुसन्धानको क्रममा छनौटमा परेका विद्यालयका महिला शिक्षक सङ्ख्यात्मक रुपमा पुरुषभन्दा कम भए पनि सक्रियता र उपलब्धिका हिसाबले सवल नै देखिन्छन् । विद्यालयको वातावरण सफा, स्वच्छ राख्नु, सरसफाइमा पर्याप्त ध्यान जानु, रमाइलो वातावरण सृजना गरी शिक्षण गर्नु, बालबालिकाको समस्या समाधानमा सहजीकरण गर्नु, बालमैत्री शिक्षण सिकाइ र शैक्षिक क्षेति न्यूनीकरण गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् तर पनि दरबन्दी कमी, महिलाको जिम्मेवारी वहनमा अविश्वास, महिला शिक्षक र विद्यालय अनुपातको अध्ययन गर्दा जिल्लाको तुलनामा प्रति विद्यालय (१:४) हुनु, विशेष सुविधा प्रदान गर्न नसक्नु, समितिमा सङ्ख्या न्यून हुनु जस्ता चुनौतीहरु भएकाले नीतिगत रुपमा नै महिला शिक्षकको पर्याप्त व्यवस्थापन र बजेट उल्लेख्य विनियोजन गरी सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर विकास गर्नुपर्ने अनिवार्य देखिन्छ ।

अध्ययन क्षेत्रका प्र.अ., वि.व्य.स. अध्यक्ष, महिला/पुरुष शिक्षक तथा छात्राछात्रहरुको धारणा महिला शिक्षकप्रति सकारात्मक रहेको छ । बालमैत्री सिकाइ, मायालु व्यवहार र रमाइलो वातावरणमा अध्यापन, नम्र भाषाशैली, अभिभावकसँग सम्बन्ध बिस्तार, समन्वय आदिमा सफलता हासिल गरेको पाइएको छ । यसर्थ महिलालाई आवश्यक सुविधासहित पेशामा संलग्न गराइनु पर्ने जरुरी देखिन्छ, जसबाट लैङ्गिक तथा सामाजिक विभेदलाई चिर्न समेत सहयोग पुग्दछ ।

फ्लास प्रतिवेदन २०७१ अनुसार नेपालको प्राथमिक विद्यालयको भर्ना अवस्था हेर्दा जम्मा संख्या ४३ लाख ३५ हजार ३ सय ५५ मध्ये छात्रा प्रतिशत ५०.८ र छात्र प्रतिशत ४९.२ छ भने उक्त तहको सहजै देखिने भर्नादर १३४.४ र खुद भर्नादर ९६.२ प्रतिशत छ । यसका आधारमा अध्ययन क्षेत्रमा छात्रा भर्ना राम्रो देखिन्छ । यसको मूल कारण महिला शिक्षकको लगनशीलता, सक्रियता र पेसाप्रतिको समर्पण भाव नै हो । तसर्थ शिक्षाको गुणात्मक वृद्धिका लागि सिकाइ क्रियाकलापलाई समय सापेक्ष विद्यार्थी केन्द्रित विधिबाट सञ्चालन गरी प्रविधिमैत्री बन्दै जान सम्बन्धित सरोकारवाला पक्षबाट नैतिक, शैक्षिक, भौतिक तथा प्राविधिक सहयोग उपलब्ध हुनुपर्ने देखिन्छ । यसबाट साँच्चै नै विद्यालयलाई बालमैत्री विद्यालयको उच्च नमुनाको रुपमा स्थापित गर्न मद्दत पुग्दछ ।

## ५.२ कार्यान्वयन/सिफारिस

यो अनुसन्धानले शिक्षण पेशामा महिला शिक्षकको सहभागिताले पारेको प्रभावको अध्ययन गर्दा विभिन्न साधन, विधिहरूको प्रयोग गरिएको छ अध्ययन र अनुसन्धानबाट प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरी निष्कर्ष निकाल्नाले सम्बन्धित क्षेत्रमा यस अध्ययनको महत्वपूर्ण भूमिका रहनेछ ।

### ५.२.१ नीतिगत तह

अध्ययन क्षेत्रमा प्रत्यक्ष स्थलगत अध्ययन गरी प्राप्त भएको तथ्याङ्कका आधारमा सूचना तथा तथ्याङ्क सङ्कलन गरी तयार गरिएको यो शोधले शिक्षण पेशामा महिला शिक्षकको उल्लेख्य सहभागिता र व्यवस्थापनमा निर्माण गरिने नीति नियम तथा विविध क्षेत्रमा सुधार गर्न र भविष्यमा कार्यक्रमको दिगो निरन्तरताका लागि सुझाव दिन यो शोधकार्यले महत्त्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

लैङ्गिक विभेदको अन्त्य र नारी शिक्षामा उच्च प्राथमिकता सरकारको मूल एजेण्डा हो । बजेट विनियोजन गरी महिला सशक्तिकरणका लागि आवश्यक पर्ने सुदृढ र ठोस नीति तथा कार्यक्रमको व्यवस्था गर्नुपर्छ । स्थानीय सरकारको प्रभाव राजनीतिक चलखेलले योग्य र सक्षम शिक्षक छनौट हुन नसक्दा अपेक्षा गरेअनुरूप सिकाइ उपलब्धि प्राप्त गर्न कठिन हुने हुनाले नीति निर्माताले अस्थायी, करार तथा जुनसुकै प्रकारको शिक्षक छनौट गर्न स्थानीय तथा राजनीतिक प्रभावमुक्त ठोस योजना र नीति बनाइनु पर्दछ । यसका अलावा लैङ्गिक विभेदको न्यूनिकरण र सामाजिक न्यायको सिद्धान्त स्थापित गर्न र महिला शिक्षकको नियुक्तिलाई सार्थक र लक्ष्य अनुरूप बनाइ कार्य सम्पन्न गर्न पूर्व सेवाकालीन र सेवा प्रवेश तालिम अनिवार्य रूपमा दिने व्यवस्था मिलाइनु पर्दछ ।

विशेष गरी महिलाहरू शैक्षिक, आर्थिक पक्ष तथा सक्रिय सामाजिक जीवन यापनका सवालमा कमजोरका साथै भय,संकोच, लाज, नेतृत्व विहीन आदिका कारणले बारम्बार हिंसा र दुर्व्यवहारका सिकार भएका हुन्छन् । पीडा र अन्याय हुँदासमेत न्याय प्रणालीको सदुपयोग गर्न सकिरहेका छैनन् । हिंसा र दुर्व्यवहारबाट बच्नका लागि महिलाहरू शिक्षित र आर्थिक सम्पन्न हुन आवश्यक छ। यसका लागि महिलाहरूको शैक्षिक अवस्था उकास्न, रोजगारमूलक बनाउन र सशक्तिकरण गर्न राज्यले महिला शिक्षकको शिक्षण पेशामा व्यवस्थापन अतिरिक्त अन्य क्षेत्रमा नेतृत्व लिन सक्ने अवसर प्रदान गर्नुपर्दछ ।

शिक्षक छनौट तथा नियुक्ति गर्ने परिपाटी पारदर्शी हुन जरुरी छ । व्यवहार मात्र योग्य र सक्षम शिक्षकको शिक्षण पेशामा सहभागिता हुन जान्छ । विशेष गरी अस्थायी तथा करार शिक्षक छनौट गर्दा शिक्षा सरोकारवाला तथा उपल्लो निकायहरू बीचमा असमझदारी अस्पष्टता र दोधारे भूमिका देखिन गएकाले सोही समस्याबाट मुक्त हुन्छ । शिक्षक सेवा आयोगको कामलाई सशक्त, स्वतन्त्र र पूर्ण जिम्मेवार बनाउने व्यवस्था प्रणालीलाई राज्यले व्यवहारमा उतार्नु पर्दछ ।

सबैका लागि शिक्षा कार्ययोजना अन्तर्गत सन् २०१५ सम्ममा शिक्षाको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरूलाई शिक्षा प्रदान गर्ने र शिक्षामा लैङ्गिक विभेद पनि अन्त्य गर्नु रहेको छ । तसर्थ सांस्कृतिक, आर्थिक तथा लैङ्गिक रूपले पछाडि परेका र पारिएका वर्गलाई मूल प्रवाहमा ल्याउनका लागि शिक्षाको नीति निर्माण गर्ने क्षेत्रमा पनि महिलाको पहुँच वृद्धि गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

सामाजिक तथ्यको सिद्धान्त अनुरूप सामाजिक व्यवहार र चालचलन मान्यता तथा संस्कृति जस्ता तत्वहरूले शिक्षणमा प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव परिरहेको हुन सक्छ। व्यक्तिगत सोच र सोहीअनुसारको व्यवहार एवं कार्यबाट शिक्षामा समेत प्रभाव परेको देखिन्छ। बालबालिकाहरूमा नकारात्मक सोचको विकास हुन जान्छ। छोराछोरीको विवाह कम उमेरमा गरिनु, विवाहपछिको जीवन पनि असहज र कष्टकर हुन नदिन विशेष गरी शिक्षण पेशामा महिला शिक्षकलाई सहभागी गराइ व्यवस्थापन गर्नुपर्छ । यसो गरेमा विद्यार्थीमा मनोबल बढ्ने आत्मसन्तुष्टि हुने, कम उमेरमा विवाह गर्ने चलन घट्न जाने, बालिकाहरूको भर्ना दरमा वृद्धि हुने, लैङ्गिक समानतामा टेवा पुग्ने, प्रभावकारी सिकाइ र शैक्षिक उपलब्धि हुने कारणले गर्दा यस्ता सामाजिक सिद्धान्तको प्रयोग गर्नुपर्ने देखिन्छ।

लैङ्गिक विभेदको प्रभाव सबै क्षेत्रमा देखिएको छ। शिक्षामा लैङ्गिक विभेदको असमानता छ भन्ने कुरा सर्बविदितै छ। समानता र असन्तुष्टिका रूपमा देखिएका यी विभेदहरूको न्यूनिकरण र अन्त्य गर्न स्थानीय सरकार तथा गैरसरकारी संघसंस्थासँग मिलेर महिला शिक्षकलाई नेतृत्व प्रदान गरी कार्य सम्पन्न गर्न विद्यालय व्यवस्थापनले समन्वयकारी भूमिका खेल्नुपर्दछ। महिला शिक्षकको नियुक्ति र सम्लग्नता खास गरी शिक्षामा लैङ्गिक समानता ल्याउन प्रयोग गरिएको एउटा उपाय हो। यस्ता उपायहरूको सदुपयोग गर्न विद्यालय व्यवस्थापन पक्षले विशेष भूमिका खेल्नुपर्दछ।

शिक्षकको स्थायी पदपूर्ति गरी लामो समयसम्म अस्थायी, करारका निजी स्रोतमा रही काम गर्नुपर्ने आजको बाध्यताबाट राज्यले मुक्त गराउने हालको विद्यमान प्रणालीमा सुधारसहित निरन्तरता दिनुपर्दछ। अन्यथा विभिन्न प्रकारका समूहमा रहनुपर्ने बाध्यताका कारण उनीहरूमा आउने निराशपनले शैक्षिक क्षेत्रमा हुने अपेक्षाकृत उपलब्धिमा बाधा पर्न सक्छ।

### ५.२.२ अभ्यास तह

यो शोध कार्यलाई सम्पन्न गर्न प्रयोग गरिएका विभिन्न विधि तथा साधन स्रोतलाई वस्तुनिष्ठ भएर तथा प्राप्तिका आधारमा दिइएका सुझावहरूलाई पृष्ठपोषणका रूपमा कायान्वयन तहमा प्रभावकारी ढङ्गबाट प्रयोग गर्न सकिन्छ। पुरुष शिक्षकका तुलनामा महिला शिक्षकहरू नम्र, सहनशील तथा लगनशील, पेशागत संवेदनशीलता, बढी मिहिनेती हुन्छन्। साथै राजनीतिमा पनि कम चासो राख्दछन्। उनीहरूको मुख्य केन्द्रविन्दु

बालबालिकाहरूको हेरचाह र शिक्षण क्रियाकलाप नै हुन जान्छ। महिला शिक्षकहरूले बालबालिकालाई आफ्नै छोराछोरी सरह माया दिने, स्याहार गर्ने, शिक्षण सिकाइको रमाइलो वातावरण सिर्जना गर्ने, नयाँ नयाँ क्रियाकलाप, लैङ्गिक विभेदको उदाहरणीय नमूनाका रूपमा प्रदर्शित हुन महत्त्वपूर्ण भूमिका खेल्ने गरेको यो शोधले कार्यान्वयन तहमा पनि महत्वपूर्ण भूमिका खेल्ने छ। यस अध्ययनमा उठाइएका कमजोर शैक्षिक तथा व्यवस्थापकीय पक्ष सुधार गर्न विद्यालयलाई ठोस सहयोग पुग्ने छ। साथै उल्लेखित तथ्य र तथ्याङ्कले शिक्षाका सरोकारवाला निकायहरू न.पा., गा.पा. तथा  शिक्षा कार्यालय विकास तथा समन्वय इकाइ कार्यालयलाई पनि मार्गनिर्देशन गर्ने हुनाले अभ्यास वा कार्यान्वयन तहले  निम्न कार्य गर्नुपर्नेछ।

शिक्षा प्रणालीको एउटा चुनौतियोग्य र दक्ष शिक्षकको व्यवस्थापन गर्न नसक्नु पनि हो। यसका लागि शिक्षण पेशामा क्षमतावान व्यक्तिको सहभागिता बढाउन पूर्व सेवाकालीन तालिमको तयारी गर्नु, सेवा प्रवेशपछि पनि दक्षताको विकास गर्न र पेशामा टिकाउ राख्ने जस्ता कुरालाई मुख्य आधार बनाई व्यवस्थापन समिति र सम्बन्धित निकायले छनौटमा निस्पक्षता, पारदर्शिता र प्रभावकारितालाई केन्द्रविन्दु बनाउने गरी व्यवस्था गर्नुपर्दछ।

शैक्षिक क्षति न्यूनिकरण गर्दै उपलब्धि वृद्धि गर्न सशक्त भर्ना अभियान, स्वागत कार्यक्रम, भेला, अन्तरक्रिया तथा सबै सरोकारवालासँग सम्बन्ध विस्तार जस्ता कार्यक्रमहरू महिला शिक्षकको अगुवाइमा गराउन सकिएको अवस्थामा अझ प्रभावकारीताका लागि महिलाहरूलाई अवसर प्रदान गरिनुपर्दछ।

शिक्षण पेशामा सहभागी रहँदा महिला शिक्षकहरूमा आइपर्ने व्यक्तिगत, पारिवारिक, सामाजिक एवं लैङ्गिक चुनौतिहरूका लागि स्थानीय विद्यालयका सरोकारका पक्षहरूले सहयोग पुऱ्याई महिला शिक्षकलाई अझ प्रोत्साहन गर्नुपर्दछ।

विद्यालयलाई बालमैत्री र प्रविधि मैत्री बनाउने खालका नवीनतम कार्यक्रमका लागि आवश्यक पर्ने रणनीतिक योजनामा पनि महिला शिक्षकको नेतृत्वलाई पर्याप्त अवसर दिनुपर्दछ।

महिला शिक्षकहरूमा पेशागत मात्र नभई पारिवारिक दायित्व पनि हुने गर्दछ। परिवार हेरचाह र घरायसी काम धानेर विद्यालय जानुपर्ने अवस्थाले शिक्षण सिकाई दैनिक गतिविधिमा व्यवधानहरू आइपर्दछन्। यस अवस्थामा परिवारका सदस्यहरूलाई पनि

उनीहरूको भूमिकाको बारेमा जानकारी गराउन स्थानीय स्तरबाट विशेष भूमिका खेल्नुपर्दछ ।

**५.२.३ अनुसन्धान तह**

यस अध्ययनले महिला शिक्षा र पेशामा आबद्ध शिक्षकको अवस्थासम्बन्धी अध्ययन गर्ने कुनै व्यक्ति वा संघसंस्थालाई सहयोग पुग्ने अपेक्षा गरिएको छ । भविष्यमा पनि यस प्रकारका विधा र समस्यामा अध्ययन अनुसन्धान गर्न चाहने शोधकर्तालाई पूर्व साहित्यको समीक्षाका रूपमा यस प्रकारको शोधले मार्गनिर्देश गर्दछ । नयाँ विषयवस्तुको खोजी गर्न र यस शोधपत्रले समेट्न नसकेका मुद्धाहरूको पहिचान गरी समस्या तथा अध्ययनको क्षेत्र छनौट गर्न समेत मद्दत पुग्ने छ । सामुदायिक विद्यालयमा महिला शिक्षकलाई उल्लेख्य सहभागी गराई व्यवस्थापनका लागि आइपर्ने चुनौतिहरूको सामना गर्न शिक्षा क्षेत्रका सरोकारवालालाई पनि यो शोधकार्यबाट पर्याप्त जानकारी मिल्ने साथै अध्ययन सामग्रीको रूपमा प्रयोग र विकास गर्न सम्बन्धित पक्षलाई अध्ययन गर्न प्रेरित गर्दछ ।

यसरी नै शिक्षण पेशामा महिला शिक्षकको सहभागिताले लक्ष्य अनुरूप बालमैत्री सिकाइ वातावरणको सिर्जना हुन सकेको छ वा छैन ? कक्षा छाड्ने र दोहोऱ्याउने जस्ता अवस्थामा कमी ल्याउन सकेको छ वा छैन ? विद्यालयमा छात्रामैत्री परिवेश छ वा छैन ? शैक्षिक गुणस्तर वृद्धिमा समेत महिलाको योगदानको अवस्था के छ ? आदि जस्ता पक्षहरूको अवस्था पत्ता लगाई महिलाप्रतिको कमजोर बुझाइमा सकारात्मक परिवर्तन ल्याउन पनि यस प्रकारको विषयवस्तुलाई अध्ययनका क्षेत्रमा विशेष प्राथमिकताका साथ उठाइ छलफल र बहसमा ल्याएर सम्बोधन गर्न सहयोग पुग्दछ ।

यस शोधकार्यले खास गरी महिलाहरूलाई परिवार, समाज र विद्यालयमा उच्च स्थान प्रदान गर्ने, दुर्व्यवहार तथा शिक्षण पेशामा लैङ्गिक विभेद हटाउने, लैङ्गिक समता र समानताका कार्यक्रमहरू निर्माण गरी सञ्चालन गर्ने क्रममा नीति निर्माता शैक्षिक योजनााकार तथा प्रयोगकर्तालाई मार्गनिर्देशन गर्ने हुनाले यस प्रकारका शीर्षकमा भविष्यमा पनि अध्ययन गर्ने प्रयासलाई निरन्तरता दिनुपर्ने हुन्छ ।

शिक्षण पेशामा महिला शिक्षकको सहभागितासम्बन्धी समस्या तथा समाधानका उपायहरू पत्ता लगाइ शैक्षिक गुणस्तर वृद्धि गर्न अध्ययनका लागि अनुसन्धानकर्तालाई

आधार प्रदान गर्दछ। साथै नयाँ तथ्य पत्ता लगाइ महिलालाई आफ्नो कार्यक्षेत्रमा निर्भिकताका साथ काम गर्ने वातावरण तयार गर्न प्रोत्साहित गर्दछ।

यस अध्ययनबाट माथि उल्लेखित पक्षका अतिरिक्त शिक्षण पेशामा महिला र गुणस्तरबीच सामञ्जस्यता ल्याई शैक्षिक प्रणालीमा आवश्यक सुधार ल्याउनु आजको आवश्यकता हो। गुणस्तरीय जीवनको मूल आधार शिक्षा भएकोले यो शीर्षकमा छलफल चलाउनु, व्याख्या विश्लेषण गर्नु र ठोस निष्कर्षमा पुग्नु यस शोध अध्ययनको महत्वपूर्ण केन्द्रीय पक्ष हो। महिलाहरू काम र नामको सवालमा कमजोर हुने जनविश्वासको असर विद्यालय क्षेत्रमा पनि परेको छ। यस सन्दर्भमा शिक्षण पेशालाई मर्यादित, थप गुणात्मक र प्रभावकारी बनाई शैक्षिक क्षति न्यूनिकरण गर्न महिला शिक्षकहरूले खेलको भूमिकाको वास्तविक अवस्था कस्तो छ भनेर राष्ट्र, समाज र विद्यालय परिवारसामु स्पष्ट पार्दै महिलाहरूप्रतिको गुमेको विश्वास स्थापित हुने गरी फर्काउन सान्दर्भिक ठानेर यो शीर्षकलाई केन्द्रीय भागमा राखी अध्ययन गर्ने प्रयास गरिएको छ। यसलाई सम्पूर्ण पक्षबाट अध्ययन, मनन्, अनुसन्धान तथा विश्लेषणका साथै आवश्यक सुझाव सल्लाह प्राप्त हुने अपेक्षा अनुसन्धानकर्ताको तर्फबाट गरिएको छ।

# सन्दर्भसामग्री सूची


अधिकारी, बलराम (२०६०), *प्राथमिक शिक्षाका सैद्धान्तिक आधार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उपाध्याय, जागेश्वर (२०६२), *माध्यमिक तहको विद्यालयीय शिक्षामा छात्रा सहभागिता,* सुर्खेतः शिक्षा शास्त्र सङ्काय, सुर्खेत बहुमुखी क्याम्पस ।

ओझा, सीता र अधिकारी, यशोदा (२०६१), *विद्यायल उमेरका बालबालिकाले विद्यालय छोड्ने कारण,* काठमाडौं : महिला शिक्षक कुन्ज, वर्ष ७, अङ्क ६, महिला परियोजना ।

ओझा, सीता (२०६१), *शिक्षण पेशामा महिलाहरूको सहभागिता,* काठमाडौं : महिला शिक्षक कुन्ज, बर्ष ७, अङ्क- ६, नेपाल शिक्षक संघ⁄ संगठन सर्युक्त महिला परियोजना ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०५७), *शैक्षिक व्यावस्थापन र संगठनात्मक व्यवहार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ (२०७४), *एक नारी शिक्षित भए सिङ्गो घर शिक्षित,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

*दशौ योजना,* (२०६०), काठमाडौं : राष्ट्रिय योजना आयोग ।

*नवौं योजना,* (२०५९), काठमाडौं : राष्ट्रिय योजना आयोग ।

*निजामती सेवा ऐन,* (२०५९), काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

*नेपाल संविधान* (२०७२) काठमाडौं : कानुन  कितबखाना ।

*पाण्डे, खिलेश्वरा (२०७१), शैक्षिक क्षति न्यूनीकरणमा महिला शिक्षकको व्यवस्थापन,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कनकाई बहुमुखी क्याम्पस, सुरुङ्गा : झापा ।

बस्नेत, सरस्वती (२०६२), *महिला शिक्षकको सहभागिता र शिक्षणमा सिकाइमा प्रभाव,* सुर्खेत : शिक्षा शास्त्र सङ्काय, सुर्खेत बहुमुखी क्याम्पस ।

*लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति, कार्यन्वयन तथा योजना* (२०६३), काठमाडौं : शिक्षा विभाग, शिक्षा तथा खेलकुद मन्त्रालय ।

राई, राजकुमार (२०६६), *प्राथमिक तहमा महिला शिक्षकको उपस्थितिको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर : मोरङ ।

रेग्मी, सङ्गीता (२०६१), *नेपालमा महिला शिक्षाको स्थिति अन्तराष्ट्रिय शैक्षिक मञ्च,* राष्ट्रिय मासिक, वर्ष ३, अङ्क ८, पौष, पृ. २६-२९ ।

वाग्ले, मनप्रसाद र कार्की उपेन्द्रकुमार (२०५७), *शिक्षाका आधारहरू,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ, (२०६०), *नेपालमा शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनरी ।

*School Level Educational Statistics* (2060), Bhaktapur : Department Of Education.

**शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव**

**अनुसूची एक**

**विद्यार्थीहरूको लागि प्रश्नावली**

**नाम :** **कक्षा**

**विद्यालयको नाम :** **उमेर**

---

:

१. तापाईको विद्यालयमा कति जना महिला महिला शिक्षकहरू रहनु भएको छ ?

क) १ जना ख) २ जना ग) ३ जना घ) ४ जना

२. महिला शिक्षक कक्षाकोठामा नियमित रूपमा आउनुहुन्छ ?

क) कहिलेकाँही ख) दैनिक १ विषय ग) दिनको २ विषय घ) ३ विषयमाथि

३. विद्यालयको अतिरिक्त क्रियाकलापमा बढी कसको भूमिका छ ?

क) शिक्षक ख) महिला शिक्षक ग) परिसर घ) अन्य

४. महिला र पुरुष शिक्षकमध्ये कसले पढाएको राम्रोसँग बुझिन्छ ?

क) पुरुष शिक्षकले ख) महिला शिक्षकले

५. महिला शिक्षकले कोठामा पढाउने क्रममा बढी सहभागिताको मौका कसलाई दिने गर्नुहुन्छ ?

क) केटीलाई (छात्रा) ख) केटालाई (छात्र) ग) दुवैलाई

६. कसले बढी माया गर्नुहुन्छ ?

क) शिक्षकले ख) महिला शिक्षकले ग) दुवैले

७. महिला शिक्षकले कसरी पढाउनु हुन्छ ?

क) किताब पढेर ख) किताब र अन्य बस्तुको प्रयोग गरी ग) समाग्र मात्र प्रयोग गरी

८. महिला शिक्षकले कुन कुन समयमा गृहकार्य दिनुहुन्छ ?

क) सधै ख) कहिलेकाँही ग) कहिल्यै छैन

९. तपाईहरूले नबुझेको समस्यालाई समाधान कसले बढी गर्नुहुन्छ ?

क) महिला शिक्षकले ख) शिक्षकले ग) प्र.अ.ले घ) सबैले

१०. महिला शिक्षकको सहभागिता न्युन भएमा सहभागिता बढाउनका लागि कसले भूमिका खेल्नु पर्दछ ?

क) प्र.अ.ले ख) अभिभावकले ग) सरकारले घ) सबैले

११. महिला शिक्षक हुँदा र नहुँदा कस्तो अनुभव गर्नु भएको छ ?

उत्तर ..........................................................................................

१२. शिक्षिक र महिला शिक्षकमा बढी कसले पढाओस् भन्ने चाहना राख्नु हुन्छ ?

उत्तर .........................................................................................

# शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

## अनुसूची दुई
## वि.नि तथा स्रोतव्यक्तिको लागि अन्तर्वार्ता फाराम

**नाम :** **योग्यता :**
**पद :** **अनुभव :**

---

१. झापा जिल्लामा प्रा.वि. तहमा शिक्षक र महिला शिक्षकको सङ्ख्या कति कति छन् ?

२. प्रत्येक प्रा.वि.मा कम्तिमा एउटा महिला शिक्षक अनिवार्य हुनुपर्ने नियमावलिको प्रभाव जिल्लामा कस्तो छ ?

३. यदि बाँकी भएमा कतिवटा विद्यालयमा पूगेको छैन ?

उत्तर ..........................................................................................

४. प्रा.वि. तहमा ३ जनाको दरबन्दीमा १ जना महिला रहनु पर्ने नियमावली अनुसार दरबन्दीको मिलन कस्तो छ ?

५. प्रा.वि. तहमा महिला कति जना प्र.अ.मा समावेश गर्नु भएको छ?

उत्तर .......................................................................................

६. लैङ्गिक समानताको नाराको आधारमा महिला शिक्षकलाई प्रोत्साहन गर्ने के के कार्यक्रम गर्नु भएको छ?

७. महिलालाई विद्यालयको जिम्मेवरी पूर्ण कार्यमा समावेश गराउने कसरी प्राथमिकता दिने गर्नु भएको छ ?

८. शिक्षक मात्र भएको र शिक्षक महिला शिक्षक दुवै भएको विद्यालयमा शिक्षणमा कस्तो भिन्नता पाउनु भएको छ ?

### विषयगत प्रश्नावली

१०. महिला शिक्षकको वर्तमान अवस्था प्रति तपाईको दृष्टिकोण कस्तो रहेको छ ?

उत्तर ..................................................................................................

११. महिला शिक्षकको सहभागिता बढाउन देखिएको समस्याहरू के के रहेका छन् ?

उत्तर ..................................................................................................

१२. महिला शिक्षकको सहभागिता बढाउने नयाँ कार्यक्रमहरू के के रहेका छन् ?

उत्तर ..................................................................................................

१३. अन्त्यमा तपाईको सुझाव भएमा :

उत्तर ..................................................................................................

# शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

## अनुसूची तीन

## विद्यालय व्यवस्थापन समितिको अध्यक्षको लागि प्रश्नावली

**नाम :**

**योग्यता :**

**विद्यालयको नामः** **अनुभव**

---

:

### वस्तुगत प्रश्नहरू

१. वि.व्य.स मा महिला सहभागिता कति जना रहनुभएको छ ?

क) १जना ख) २ जना ग) ३ जनाभन्दा माथि घ) छैन

२. वि.व्य.स. मा महिला महिला शिक्षकको सहभागिता छ ?

क) छ ख) छैन

३. वि.व्य.स. को प्रत्येक बैठकमा महिलाको उपस्थिति कस्तो हुन्छ ?

क) सधै हुन्छन् ख) कहिलेकाही ग) प्रायः घ) कहिलै नहुने

४. वि.व्य.स. बैठकको निर्णयमा महिला शिक्षकको सक्रियता कस्तो छ ?

क) सहभागिता मात्र ख) सहभागिता नै नभएको ग) सामान्य सकृयता

घ) पूरै सकृयता ङ) अन्य

५. तपाईको विद्यालयमा महिला शिक्षकको भूमिका कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ख) खासै राम्रो नभएको

ग) व्यवहारिकतामा व्यस्त घ) उदाहरणीय भएको

६. यदि सकारात्मक भएमा कुन कुन पक्षमा फाइदा पुगेको देख्नु भएको छ ?

क) विद्यार्थी नियमितता ख) बढी भर्ना दर

ग)अभिभावको चेतना विकास घ) अन्य

७. महिला शिक्षकको सहभागिताले शिक्षणमा कस्तो प्रभाव पर्दछ ?

क) सकारात्मक ख) नाकारात्मक ग) अनुकरणिय ङ) अन्य

८. विद्यालयमा महिला शिक्षक न्युन हुनुमा प्रमुख कारण केलाई देख्नु हुन्छ ?

क) अशिक्षा ख) न्युन सक्रियता ग) चेतनाको कमि

घ)चाहना नहुनु ङ) अन्य

९. महिला शिक्षकको सहभागिता बढाउन के के गुर्न पर्छ ?

क) नियुक्तिमा महिला प्रथमिक दिने ख) न्युन सक्रियता ग) चेतना जगाउने

घ) सरूवा मिलान गर्ने ङ) अन्य

**विषयगत प्रश्नावली**

१०. महिला शिक्षकको सहभागिता वृद्धि गर्न देखिएको समस्या के के छन् ?

उत्तर ..........................................................................

११. महिला शिक्षकको सहभागिता वृद्धि गर्न के के गर्नु पर्छ ?

उत्तर ..........................................................................

१२. अन्त्यमा तपाई सुझाव भएमा :

उत्तर ..........................................................................

## शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

### अनुसूची : चार

### महिला शिक्षकका लागि अवलोकन फाराम

**नाम :**

**योग्यता :**

**विद्यालयको नामः** **अनुभव**

---

**वस्तुगत प्रश्नहरू**

१. तपाईको विद्यालयमा कति जना महिला शिक्षक रहनु भएको छ ?

क) १ जना  ख) २ जना  ग) ३ जना  घ) ४ जना

२. तपाईले शिक्षक तालिम लिनु भएको छ ?

क) छ  ख) छैन

३. यदि लिनु भएको भए कुन कुन लिनु भएको छ ?

क) पहिलो प्याकेज  ख) दोस्रो प्याकेज  ग) अन्तिम प्याकेज  घ) अन्य

४. तपाई कक्षामा कसरी पढाउनु हुन्छ ?

क) कक्षा शिक्षणबाट  ख) विषय शिक्षणबाट  ग) बहुकक्षा शिक्षणबाट

५. कक्षामा विद्यार्थीहरूले पढाइमा कतिको रूचि लिन्छन् ?

क) राम्रो ख) ठीकै  ग) लिदैनन्  घ) अन्य

६. कक्षामा पढाउदा विशेषगरी कुन विधिबाट विद्यार्थीहरूलाई पढाउनु हुन्छ ?

क) शिक्षिक केन्द्रित विधिबाट  ख) विद्यार्थी केन्द्रित विधिबाट ग) अन्तरक्रियात्मक विविधबाट घ) भूमिका निर्वाह विधिबाट  ङ) अन्य

७. तपाईको विद्यालयमा प्र.अ.ले महिला शिक्षक वा अन्य शिक्षकसँग गर्ने समान व्यवहारको अवस्था कस्तो छ ?

क) अति राम्रो  ख) राम्रो  ग) सामान्य  घ) नराम्रो

८. प्र.अ.ले दिएको जिम्मेवारी र अधिकारप्रति कस्तो धारणा राख्नु भएको छ ?

क) सामान्य  ख) अति सन्तुष्ट  ग) सन्तुष्ट  घ) असन्तुष्ट

## विषयगत प्रश्नावली

१०. वर्तमान नेपालको शिक्षा व्यवस्थामा महिलाको अवस्था बारेमा तपाईलाई कस्तो लाग्दछ ?

उत्तर ..............................................................................................

११. महिला शिक्षकको सहभागिता वृद्धि गर्न देखिएको समस्या के के रहेका छन् ?

उत्तर ..............................................................................................

१२. महिला शिक्षकको सहभागिता वृद्धि गर्नका लागि के गर्नु पर्दछ ?

उत्तर ..............................................................................................

१३. अन्त्यमा केही सुझाव भएमा :

उत्तर ..............................................................................................

## शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

### अनुसूची : पाँच

### विद्यालयको प्रधानाध्यापकका लागि प्रश्नावली

**नाम :** **योग्यता :**

**विद्यालयको नामः** **अनुभव :**

---

**वस्तुगत प्रश्नहरू**

१. तपाईको विद्यालयमा महिला शिक्षक कति जना रहनु भएको छ ?

क) १ जना ख) २ जना ग) ३ जनाभन्दा बढी

२. विद्यालयको महत्वपूर्ण जिम्मेवारी सबैभन्दा बढी कसलाई दिनु हुन्छ ?

क) शिक्षकलाई ख) महिला शिक्षकलाई ग) दुवैलाई घ) अन्य

३. यदि शिक्षक भए किन ...........................................................

यदि महिला शिक्षक भए किन ..........................................................

४. बालबालिकाको प्रभावकारी शिक्षणमा विशेष गरी कसले बढी भूमिका खेल्छन् ?

क) शिक्षकले ख) महिला शिक्षकले ग) दुवै घं) अन्य

५. यदि महिला शिक्षक भएमा कारक तत्व केलाई पाउनु हुन्छ ?

क) नरम व्यवहार ख) कडा व्यवहार ग) पुरस्कार घ) सबै ङ) अन्य

६. विद्यालयमा महिला शिक्षक सहभागिताले शिक्षामा कस्तो प्रभाव पार्दछ ?

क) छात्राको भर्ना वृद्धि ख) अभिभावको चेतनाको विकास ग) छात्राको समस्या समाधान घ) सबै ङ) अन्य

७. विद्यालयमा शिक्षक नियुक्ति गर्दा कुन पक्षलाई प्राथमिकता दिनु हुन्छ ?

क) योग्यतालाई खं) अनुभवलाई ग) महिलालाई घ) अन्य

८. विद्यालयमा न्यून महिला महिला शिक्षकको स्थिति हुनुको कारक तत्व केलाई लिनु हुन्छ ?

क) कम योग्यता ख) चाहना नहुनु ग) नेतृत्वमा कमि घ) नीति नियममा कमजोरी ङ) सबै च) अन्य

९. महिला शिक्षकको सहभागिता बढाउनको लागि के गर्नु पर्दछ ?

क) नीति नियम बनाउनु ख) लैङ्गिक समस्या मिलाउनु ग) नारी चेतनाको विकास गराउनु घ) सबै ङ) अन्य

## विषयगत प्रश्नावली

१०. हाल महिला शिक्षकको स्थिति कस्तो रहेको छ ?

उत्तर ....................................................................................

११. महिला शिक्षक भएका र नभएका विद्यालयमा शिक्षण सिकाइ क्रियाकलापमा कस्तो फरक पाउनु भएको छ ?

उत्तर ....................................................................................

१२. महिला शिक्षकको सहभागिता वृद्धि गर्न देखिएका समस्याहरू के के छन् ?

उत्तर ....................................................................................

१३. महिला शिक्षकको सहभागिता वृद्धि गर्न के के गर्नु पर्दछ ?

उत्तर ....................................................................................

१४. महिला शिक्षकको संलग्नताले सिकाइ उपलब्धिमा के कस्तो प्रभाव पारेको छ ?

उत्तर ....................................................................................

१५. शैक्षिक गुणस्तर वृद्धिमा महिला शिक्षकको भूमिका कस्तो हुनुपर्छ ?

उत्तर ....................................................................................

१६. अन्य सुझाव भएमा :

उत्तर ....................................................................................

## शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

**अनुसूची : छ**

अध्ययन क्षेत्रमा भर्ना अवस्था २०७४

| क्र.सं | विवरण | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षाा ५ | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | जम्मा |
| १. | जनता मा.वि. | १० | १९ | ९ | १३ | १३ | १५ | २० | १३ | ४ | १५ | ५० | ७५ | १२५ |
| २. | कालिस्थान मा.वि. | ९ | ११ | ११ | १२ | ९ | १३ | ११ | १२ | १२ | १२ | ५२ | ६० | ११२ |
| ३. | भीमले आधारभूत विद्यालय | १० | ९ | ११ | ६ | ८ | ८ | १२ | ९ | १२ | ७ | ५३ | ३७ | ९० |
| ४. | भानु आधारभूत विद्यालय | ११ | ८ | १० | ७ | १२ | ६ | ११ | ८ | ५ | ८ | ४९ | ३७ | ८६ |
| ५. | सरस्वती प्रा.वि. | ८ | ७ | ७ | ५ | ६ | ७ | १० | ९ | १० | ४ | ४१ | ३२ | ७३ |
| | कुल जम्मा | | | | | | | | | | | २४५ | २४१ | ४८६ |

## शिक्षण पेसामा महिला शिक्षक सहभागिताको प्रभाव

### अनुसूची : सात

विद्यार्थी भर्ना, परीक्षामा सामेल र कक्षा छाड्ने अवस्था (२०७४-७५)

| क्र.सं. | विवरण | विद्यार्थी भर्ना सङ्ख्या | | | परीक्षामा सामेल सङ्ख्या | | | कक्षा छाड्ने सङ्ख्या | | | प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १. | जनता मा.वि. | ५० | ७५ | १२५ | ४८ | ७० | ११८ | १० | ७ | १७ | ८ | ५.६ | १३.६ |
| २. | कालिस्थान मा.वि. | ५२ | ६० | ११२ | ४९ | ५९ | १०८ | ८ | ४ | १२ | ७.१४ | ३.५७ | १०.७१ |
| ३. | भीमले आधारभूत विद्यालय | ५३ | ३७ | ९० | ५१ | ३४ | ८५ | ९ | १२ | २१ | १०. | १३.३३ | २३.३३ |
| ४. | भानु आधारभूत विद्यालय | ४९ | ३७ | ८६ | ४६ | ३५ | ८१ | ७ | ४ | ११ | ८.१३ | ४.६५ | १२.७८ |
| ५. | सरस्वती प्रा.वि. | ४१ | ३२ | ७३ | ४१ | ३१ | ७२ | ६ | ३ | ९ | ८.२१ | ४.१० | १२.३१ |
| | जम्मा | २४५ | २४१ | ४८६ | २३५ | २२९ | ४६४ | ४० | ३० | ७० | ८.२३ | ६.१७ | १४.४० |